निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL




# निर्वाचन विवाद निरूपण

## प्रशिक्षण स्रोत पुस्तिका
२०७५

**निर्वाचन आयोग नेपाल**

निर्वाचन सरोकारवालाहरुको लागि

निर्वाचन विवाद निरुपण प्रशिक्षण कार्यक्रम

दैनिक कार्य तालिका

पहिलो दिन

| **समय** | **लाग्ने समय** | **सकिने समय** | **विषय** | **सहजकर्ता** | **स्रोत सामग्री** |
|---|---|---|---|---|---|
| ८:३० | ०:३० | ९:०० | सहभागी दर्ता | | |
| ९:०० | ०:३० | ९:३० | शुभारम्भ कार्यक्रम | | |
| ९:३० | ०:३० | १०:०० | परिचय, उद्देश्य तथा आचार संहिता निर्माण | | |
| १०:०० | ०:१५ | १०:१५ | चिया | | |
| १०:१५ | १:३० | ११:४५ | नेपालमा निर्वाचन सम्बन्धी कानुन र निर्वाचन प्रणाली | | |
| ११:४५ | १:३० | १३:१५ | निर्वाचन विवाद, हिंसा र कसुरको स्वरुप तथा कानुनी व्यवस्था | | |
| १३:१५ | १:०० | १४:१५ | खाना | | |
| १४:१५ | ०:१५ | १४:३० | स्फूर्तीकरण | | |
| १४:३० | १:३० | १६:०० | निर्वाचन विवाद निरुपण संयन्त्र | | |
| १६:०० | ०:१५ | १६:१५ | पहिलो दिनको पुनरावलोकन तथा समापन | | |

**निर्वाचन आयोग नेपाल**

निर्वाचन सरोकारवालाहरुको लागि

निर्वाचन विवाद निरुपण प्रशिक्षण कार्यक्रम

दैनिक कार्य तालिका

दोस्रो दिन

| **समय** | **लाग्ने समय** | **सकिने समय** | **विषय** | **सहजकर्ता** | **स्रोत सामग्री** |
|---|---|---|---|---|---|
| ८:०० | १:०० | ९:०० | खाजा | | |
| ९:०० | ०:१५ | ९:१५ | पहिलो दिनको समीक्षा तथा दोस्रो दिनको कार्यक्रमको झलक | | |
| ९:१५ | १:३० | १०:४५ | विवादका बिषयहरु तथा सुनुवाईको अधिकार क्षेत्र | | |
| ११:०० | १:३० | १२:३० | निर्वाचन अधिकृतले विवाद निरुपण गर्दा अपनाउनु पर्ने कार्यविधि | | |
| १२:०० | ०:३० | १३:०० | जनशक्ति तथा प्रतिवेदन प्रणाली | | |
| १३:०० | ०:३० | १३:३० | कार्यक्रम समापन | | |
| १३:३० | १:०० | १४:३० | खाना | | |

# विषयसूची


सत्र १:  परिचय, उद्देश्य तथा आचार संहिता  निर्माण

सत्र २:  नेपालमा निर्वाचन सम्बन्धी कानुन र निर्वाचन प्रणाली

सत्र ३:  निर्वाचन विवाद, हिंसा र कसुरको स्वरुप तथा कानुनी व्यवस्था

सत्र ४:  निर्वाचन विवाद निरुपण संयन्त्र

सत्र ५:  विवादका बिषयहरु तथा सुनुवाईको अधिकार क्षेत्र

सत्र ६:  विवाद निरुपण गर्दा अपनाउनु पर्ने कार्यविधि

सत्र ७:  जनशक्ति तथा प्रतिवेदन प्रणाली

शुभारम्भ सत्र : कार्यशालाको शुभारम्भ

| | |
|---|---|
| कार्यक्रमको उद्देश्य | (क) कार्यशालाको औपचारिक रूपमा शुभारम्भ भई सहभागीहरूको स्वागत गरिनेछ ।<br>(ख) कार्यशालाको पृष्ठभूमि र उद्देश्य प्रष्ट हुनेछ । |
| समय | ३० मिनेट |
| सामग्री | साउण्ड सिस्टम, ल्यापटप, प्रोजेक्टर, लगायत । |
| क्रियाकलाप | चरण १ : (३० मि.)<br>(क) शुभारम्भ कार्यक्रम :<br>● कार्यशालाको अध्यक्षता ग्रहण तथा आसन ग्रहण,<br>● राष्ट्रिय गान,<br>● स्वागत मन्तव्यसहित कार्यशालाको उद्देश्यमाथि प्रकाश,<br>● कार्यशालासम्बन्धी मन्तव्य (आवश्यकता अनुसार)<br>● मन्तव्यसहित कार्यशालाको शुभारम्भ तथा उद्घाटन सत्रको समापन ।<br>(उद्घाटन कार्यक्रमलाई आवश्यकता अनुसार थपघट गर्न सकिनेछ ।) |

## सत्र १ : परिचय, उद्देश्य तथा आचार संहिता

| | |
|---|---|
| कार्यक्रमको उद्देश्य | (क) कार्यशालाको पृष्ठभूमि र उद्देश्य प्रष्ट हुनेछ।<br>(ख) सहभागी तथा सहजकर्ताहरू एक आपसमा परिचित भई कार्यशालाका लागि उपयुक्त वातावरण सिर्जना हुनेछ।<br>(ग) कार्यशाला अवधिमा सहजकर्ता तथा सहभागीहरूले पालना गर्नुपर्ने आचरणहरूको निर्माण हुनेछ। |
| समय | ३० मिनेट |
| सामग्री | फ्लिपचार्ट, मास्किङ टेप, मार्कर, कलर मेटाकार्ड, प्रोजेक्टर, लगायत। |
| क्रियाकलाप | चरण १ : (२० मिनट)<br>(क) परिचयका लागि सहजकर्ताले फ्लीप चार्ट र मेटाकार्ड तयार गरी राख्ने। सहजकर्ताले सहभागीहरूलाई मेटा कार्ड उपलब्ध गराई मेटा कार्डमा सहभागिहरुले यस अघि आफुले निर्वाचनमा खेलेको भूमिकाको आधारमा आफुले भोगेको कुनै एक समस्या वा विवादको बिषय र उक्त समस्या के कसरी समाधान गरियो सो को विवरण संक्षिप्त रुपमा लेख्न लगाई आफैसँग राख्न लगाउने सबै सहभागिले लेखि सके पछि सहभागिहरुलाई पालैपालो लेखिएको कुरा पढन लगाई तल लेखिए अनुसारको आफ्नो परिचय समेत दिन लगाउने। सहभागिहरुले लेखेको मेटाकार्ड जम्मा गरी फ्लीप चार्टमा टाँसी सबैले देख्ने स्थानमा झुन्ड्याइ राख्ने।<br>परिचय गर्दा देहायका कुराहरु भन्न लगाउने<br>- नाम :<br>- पद :<br>- संस्थाः<br>- कार्य अनुभव :<br>- प्रशिक्षणबाट अपेक्षा गरिएको कुरा : |
| | चरण २ : आचार संहिता तथा कार्यक्रमको उद्देश्य (१० मिनट)<br>(क) कार्यशालाको आचार संहिता निर्माण (५ मिनट)<br>प्रशिक्षणलाई सफलतापूर्वक सञ्चालन गर्न आवश्यक पर्ने आचरण बनाई सहभागीहरूबीच प्रस्तुत गरी सहमति कायम गर्ने। जस्तैः समयमा कार्यशाला सुरू गर्ने, कार्यशाला अवधिभरि सबैको सक्रिय सहभागिता रहने, मोबाइल बन्द गर्ने अथवा साइलेन्स मोडमा राख्ने, आफूले कुराकानी गर्दा अरूलाई बुझाईमा कठिनाई उत्पन्न नगर्ने, एउटै कुरा दोहोऱ्याएर |

| | |
|---|---|
| | नगर्ने आदि पहिले नै फ्लिपचार्ट लेखेर तयार गरी कार्यशालामा पढेर सुनाई सहमति गराउन पनि सकिन्छ ।<br>(ख) कार्यक्रमको उद्देश्य (५ मिनट)<br>सहजकर्ताले पावर पइण्टमा तयार गरेको कार्यक्रमको उद्देश्य प्रस्तुत गरी छलफल गर्ने<br>**<u>कार्यक्रमको उद्देश्य</u>**<br>यस कार्यक्रमको अन्तमा सहभागिहरुले देहाय कार्यहरु गर्न सक्नेछन ।<br>● नेपालको निर्वाचन सम्बन्धी कानुन र अपानाइएको निर्वाचन प्रणालीको बिषयमा छलफल गर्न,<br>● नेपालमा निर्वाचन विवादको सुनुवाई गर्ने संयन्त्रहरु बताउन,<br>● विभिन्न संयन्त्रले सुनुवाई गर्ने बिषयहरु उल्लेख गर्न,<br>● निर्वाचन विवाद निरुपणको अधिकार क्षेत्र तथा उजुरी गर्न सकिने निकाय बताउन,<br>● निर्वाचन विवाद निरुपणमा अपनाईने कार्यविधि बताउन ।<br>अन्तमा उपस्थित महानुभावहरूलाई धन्यवाद दिँदै सत्रको अन्त्य गर्ने । |

## सत्र योजना (Session Plan)

**तालीमको नाम : निर्वाचन विवाद निरुपण** **सत्र : दोस्रो**

**सत्रको विषय : निर्वाचन सम्बन्धी कानुन र निर्वाचन प्रणाली समय : १ घण्टा ३० मिनट**

**सत्रको उद्देश्य : यस शत्रको अन्तमा सहभागीहरु देहयका कुराहरु गर्न सक्षम हुनेछन ।**

क) हाल प्रचलनमा रहेका निर्वाचन कानुनको सूचि तयार गर्न

ख) नेपालले अपनाएका कुनै तीन निर्वाचन प्रणालीको व्याख्या गर्न

| विषय बस्तु | | क्रियाकलाप | विधि/तरीका | सामाग्री | समय |
|---|---|---|---|---|---|
| मुख्य शिर्षक | उपशिर्षक | | | | |
| **क. सिक्ने वातावरणको सृजना** | | निर्वाचन प्रणाली र निर्वाचन व्यवस्थापनको आधार कानुन भएको कुरा उल्लेख गर्दै नेपालको निर्वाचन सम्बन्धी कानुनहरु के के छन तथा नेपालले अपनाएको निर्वाचन प्रणालीहरु के के होलान भनि भनि प्रश्न गर्दै सके सम्म धेरैलाई वोल्न लगाने आएका उत्तर हरु सेतो पाटीमा टिप्दै जाने | प्रश्न उत्तर | सेतो पाटी वोर्ड मार्कर | ५ मिनट |
| **ख. विषय वस्तुमा प्रवेश** | | सहभागिहरुबाट आएका विभिन्न बिचारहरु मध्ये सत्र सँग मिल्दा जुल्दा बिषयहरुलाई जोड दिदै हामी यस सत्रमा निर्वाचन कानुन तथा निर्वाचन प्रणालीका बिषयमा छलफल गर्दैछौ भन्ने जानकारी दिदै सत्रमा प्रवेश गर्ने | लघु प्रवचन | | ५ मिनट |
| **ग. विस्तृत क्रियाकलाप** | | | | | |
| **अ. निर्वाचन कानुनको आवश्यकता** | | सहभागिहरुबाट आएका उत्तरहरुसँग जोडदै निर्वाचन कानुन किन आवश्यक छ भनि प्रश्न गर्ने र आएका उत्तरहरु सेतो पाटीमा टिप्दै जाने सबैबाट उत्तर आई सके पछि बिषय सँग मिल्दा उत्तरहरुलाई जोड दिदै सहभागिहरुमाझ सहमति कायम गराउने र आफुले तयार गरेको प्रस्तुतिका माध्यमबाट स्पष्ट पार्ने | मस्तीस्क मन्थन, प्रस्तुतीकरण, लघु प्रवचन | सेतो पाटी, वोर्ड मार्कर, ल्यापटप, प्रोजेक्टर | ५ मिनट |
| **आ. निर्वाचन कानुनका आधार र नेपालमा** | | सहभागिहरु मध्ये कुनै तीन जनालई स्वयंम सेवकको रुपमा काम गर्नका लागि अनुरोध गर्ने र कार्य गर्न तयार हुने सहभागिलाई एक जनालाई निर्वाचन समबन्धी ऐनहरु, अर्कोलाई | लघु प्रवचन | सेतो पाटी, न्युज प्रिण्ट, मार्कर, | २० मिनट |

| | | | | | |
|---|---|---|---|---|---|
| **निर्वाचन सम्बन्धी कानुनहरु** | | नियमावलीहरु र अर्कोलाई निर्देशिका तथा कार्यविधिहरुको सूचि तयार गर्न अनुरोध गर्ने यसरी तयार गर्दा आफ्नो दायाँ बायाँको साथिको सहयोग लिन समेत अनुरोध गर्ने र आफ्नो डायरीमा लेख्न लगाउने । सहभागिहरुले सूचि तयार गरी सकेपछि हरेकलाई प्रस्तुत गर्न लगाई अन्य सहभागिको पृष्ठपोषण माग गर्ने । यसरी प्रस्तुत गर्दा उठेका छलफल गर्नै पर्ने बिषयहरु टिपोट गर्दै जाने र व्यक्तिको प्रस्तुती सकिए पछि आफुले तयार गरेको सामाग्री प्रस्तुत गर्दै अघि टिपोट गरेका छलफल गर्नु पर्ने महत्वपुर्ण बुँदाहरुमा समेत स्पष्ट पार्ने | | ल्यापटप, प्रोजेक्टर | |
| **इ. निर्वाचन प्रणालीहरु** | **निर्वाचन प्रणाली** | तिन जना सहभागिको दरले आवश्यकता अनुसारको संख्यामा समुह निर्माण गर्ने अथवा एक टेवल एक समुह बनाउने र मेटा कार्डमा विश्वका प्रमुख निर्वाचन प्रणालीहरु के के होलान भनि प्रश्न गरी प्रमुख निर्वाचन प्रणालीहरु लेख्न लगाउने र प्रस्तुत गर्न लगाउने यस पछि आफ्नो प्रस्तुती मार्फत बिषय बस्तुमा स्पष्ट पार्ने | समुह कार्य, लघु प्रवचन | मटाकार्ड, मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | १० मिनट |
| | **नेपालले अपनाए का निर्वाचन प्रणाली** | विश्वका प्रमुख निर्वाचन प्रणाली मध्ये नेपालले अपनाएको निर्वाचन प्रणालीका सम्बन्धमा आफुले तयार गरेको प्रस्तुती मार्फत प्रष्ट पार्ने | लघु प्रवचन | ल्यापटप, प्रोजेक्टर | ५ मिनट |
| **घ. संक्षेपीकरण** | | निर्वाचन सम्बन्धमा भएका मुख्य मुख्य कानुनहरु साथै नेपालले अवलम्बन गरेको निर्वाचन प्रणालीका सम्बन्धम संक्षेप बताउने | प्रवचन | | ५ मिनट |
| **ङ. मूल्याङ्कन :** | | सहभागिहरुको बुझाई मापन गर्न देहायका प्रश्न गर्ने<br>क) नेपालमा भएको कुनै ५ वटा निर्वाचन कानुन कुन कुन हुन ?<br>ख) नेपालले स्थानीय तह निर्वाचन, प्रदेश सभा, प्रतिनिधि सभा, राष्ट्रिय सभा, राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचनका लागि | प्रश्न उत्तर | | ५ मिनट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कस्तो निर्वाचन प्रणाली अबलम्बन गर्दछ ?<br>सहभागिहरुमा केही जिज्ञासा भए राख्न अवसर दिने र नभए धन्यवाद दिई सत्र समापन गर्ने | | | |

सत्र पछि सहजकर्ताको निष्कर्ष :

सहजकर्ताको नाम : मितिः

सत्र दुई

## निर्वाचन कानुन

| | |
|---|---|
| निर्वाचन कानूनको आवश्यकता | • स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न हुने सुनिश्चितता प्रदान गर्न,<br>• निर्वाचन सम्बन्धी क्रियाकलापलाई वैधानिकता प्रदान गर्न,<br>• निर्वाचन आयोग र सम्बन्धित अधिकारीको काम, कर्तव्य र अधिकार व्यवस्थित गर्न,<br>• स्वस्थ निर्वाचन पद्धतिको विकास गरी लोकतान्त्रिक शासन व्यवस्था प्रवर्द्धन गर्न,<br>• मतदाता नामावली सङ्कलन तथा मतदाता नामावली अद्यावधिक गर्ने कार्यलाई व्यवस्थित गर्न,<br>• राजनीतिक दल दर्ता प्रक्रिया व्यवस्थित गर्न,<br>• राजनीतिक दललाई सुदृढ, प्रभावकारी, समावेशी, पारदर्शी तथा लोकतान्त्रिक बनाई संस्थागत विकास गर्न,<br>• निर्वाचनमा हुने गैरकानुनी क्रियाकलापलाई निरुत्साहित र नियन्त्रण गर्न,<br>• निर्वाचनका समयमा शान्ति सुव्यवस्था कायम गर्न,<br>• निर्वाचनसम्बन्धी कसुरको परिभाषा र कसुरदारलाई सजायको व्यवस्था गर्न,<br>• निर्वाचनसँग सम्बन्धित विवाद निरूपण गर्न । |
| निर्वाचनका लागि कानुनी संरचना | • अन्तर्राष्ट्रिय कानुन/सम्झौता आदि,<br>• निर्वाचन सम्बद्ध संवैधानिक प्रावधानहरू,<br>• व्यवस्थापिकाले पारित गरेका निर्वाचन सम्बन्धी कानुन तथा निर्वाचनलाई प्रभावित पार्ने अन्य सबै कानुनहरू,<br>• निर्वाचन सम्बन्धी कानुन तथा सरकारले निर्माण गरेका अन्य महत्वपूर्ण कानूनहरूसँग सम्बद्ध सबै नियमावलीहरू,<br>• निर्वाचन सम्बन्धी कानून तथा निर्वाचन व्यवस्थापन सम्बन्धी जिम्मेवार निकायले जारी गरेका नियमावलीसँग सम्बन्धित महत्वपूर्ण निर्देशिकाहरू, निर्देशनहरू र सम्बन्धित आचारसंहिताहरू । |

| | |
|---|---|
| निर्वाचन सम्बन्धी ऐन | • निर्वाचन आयोग ऐन, २०७३<br>• निर्वाचन (कसुर र सजाय) ऐन, २०७३<br>• मतदाता नामावलीसम्बन्धी ऐन, २०७३<br>• राजनीतिक दलसम्बन्धी ऐन, २०७३<br>• स्थानीय तह निर्वाचन ऐन २०७३<br>• प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४<br>• प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४<br>• राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन ऐन, २०७४<br>• राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ |
| निर्वाचन सम्वन्धी नियमावलीहरु | • निर्वाचन अयोग नियमावली, २०७३<br>• राजनीतिक दल सम्बन्धी नियमावली, २०७४<br>• राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४<br>• राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४<br>• प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४<br>• प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४<br>• मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८<br>• स्थानीय तह निर्वाचन नियमावली २०७३ |
| निर्वाचनसम्बन्धी निर्देशिका तथा कार्यविधिहरु | • राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४<br>• राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन .(मतगणना) निर्देशिका, २०७४<br>• राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७४<br>• राष्ट्रिय सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४<br>• राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४<br>• प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन(मतदान) निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४<br>• मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४ |

| | |
|---|---|
| | • प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन कसुर तथा सजाय निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४<br>• प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता, २०७४<br>• स्थानीय तह निर्वाचन मतदाता शिक्षा कार्यक्रम कायान्वयन निर्देशिका, २०७३<br>• स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता, २०७३<br>• स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३<br>• स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३<br>• स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३<br>• गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४<br>• जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४<br>• स्थानीय तह निर्वाचन निर्देशिका, २०७४<br>• स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४<br>• स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४<br>• निर्वाचन विवाद निरुपण निर्देशिका, २०७६<br>• स्थानीय तह निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४<br>• स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४ |
| निर्वाचनसम्बन्धी नीतिहरु | • मतदाता शिक्षा नीति, २०७३<br>• निर्वाचन आयोगको सञ्चार नीति, २०७०<br>• निर्वाचन पर्यवेक्षण नीति, २०७०<br>• निर्वाचन आयोगको तालिम नीति, २०७०<br>• लैङ्गिक तथा समावेशीकरण नीति, २०७०<br>• आचारसंहिता<br>• निर्वाचन आचार संहिता, २०७२<br>• स्थानीय तह निर्वाचन आचार संहिता २०७३ |

| | |
|---|---|
| | ● राष्ट्रिय पर्यवेक्षकहरुका लागि स्थानीय तह निर्वाचन पर्यवेक्षण आचारसंहिता २०७० |
| निर्वाचन प्रणाली | ● बढीमत/ बहुमत : पहिलो हुने निर्वाचित हुने, दुई चरण प्रणाली, वैकल्पिक मत, एकमुष्ट मत, दलगत एकमुष्ट मत<br>● समानुपातिक प्रतिनिधित्व : सुचिमा आधारित समानुपातिक प्रतिनिधित्व, एकल सङ्क्रमणीय मत<br>● मिश्रित : समानान्तर, मिश्रित सदस्य समानुपातिक<br>● अन्य : एकल सङ्क्रमणीय मत, सिमित मत, प्राथमिकता गणना |
| नेपालको संविधानमा व्यवस्था गरिएका निर्वाचन प्रणालीहरु | ● दुई प्रकारको निर्वाचन प्रणाली<br>● पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली<br>● समानुपातिक निर्वाचन प्रणाली<br>● दुई चरण निर्वाचन प्रणाली |

# २. निर्वाचन कानुन

सामान्यतया निर्वाचन कानुन भन्नाले निर्वाचनका सन्दर्भमा आवश्यक पर्ने महत्वपूर्ण कानुनी दस्तावेज वा कागजात आदिलाई बुझाउँछ । निर्वाचन आयोगले यिनै कानुनी प्रावधानका आधारमा विभिन्न तहका निर्वाचनहरु सम्पन्न गर्ने संवैधानिक दायित्व पूरा गर्दछ । निर्वाचन कानुका बारेमा निर्वाचनसम्बद्ध सबै सरोकारवालहरुमा जानकारी राखी सो अनुरुप व्यवहार गर्दा निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्सनीय र मर्यादित बनाउन टेवा पुग्दछ । निर्वाचन सञ्चालनको लागि कानूनी आधार (Legal Instrument) अनिवार्य हुन्छ ।

मूलतः निर्वाचनका लागि कानुनी संरचना अन्तर्गत निम्न कुराहरू पर्दछन् :-

(क) अन्तर्राष्ट्रिय कानुन/सम्झौता आदि,

(ख) निर्वाचनसम्बद्ध संवैधानिक प्रावधानहरू,

(ग) व्यवस्थापिकाले पारित गरेका निर्वाचन सम्बन्धी कानुन तथा निर्वाचनलाई प्रभावित पार्ने अन्य सबै कानुनहरू,

(घ) निर्वाचन सम्बन्धी कानुन तथा सरकारले निर्माण गरेका अन्य महत्वपूर्ण कानूनहरूसँग सम्बद्ध सबै नियमावलीहरू,

(ङ) निर्वाचन सम्बन्धी कानून तथा निर्वाचन व्यवस्थापन सम्बन्धी जिम्मेवार निकायले जारी गरेका नियमावलीसँग सम्बन्धित महत्वपूर्ण निर्देशिकाहरू, निर्देशनहरू र सम्बन्धित आचारसंहिताहरू ।

**(क) नेपालको संविधान**

**(ख) निर्वाचन सम्वन्धी ऐनहरु**

- निर्वाचन आयोग ऐन, २०७३
- निर्वाचन (कसुर र सजाय) ऐन, २०७३
- मतदाता नामावलीसम्बन्धी ऐन, २०७३
- राजनीतिक दलसम्बन्धी ऐन, २०७३
- स्थानीय तह निर्वाचन ऐन २०७३
- प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन ऐन, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५

**(ग) निर्वाचन सम्वन्धी नियमावलीहरु**

- निर्वाचन अयोग नियमावली, २०७३

- राजनीतिक दल सम्बन्धी नियमावली, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी नियमावली, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४
- प्रतिनिधि सभा सदस्य निर्वाचन नियमावली, २०७४
- प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४
- मतदाता नामावलीसम्बन्धी नियमावली, २०६८
- स्थानीय तह निर्वाचन नियमावली २०७३

(घ) **निर्वाचनसम्बन्धी निर्देशिका तथा कार्यविधिहरु**

- राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन निर्देशिका, २०७४
- राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन .(मतगणना) निर्देशिका, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४
- राष्ट्रिय सभा सदस्य निर्वाचन (आर्थिक तथा जनशक्ति) निर्देशिका, २०७४
- प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
- प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन(मतदान) निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४
- मतदाता शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (सुरक्षा व्यवस्थापन) निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन कसुर तथा सजाय निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन अनुगमन निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन (आर्थिक) निर्देशिका, २०७४
- प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता, २०७४
- स्थानीय तह निर्वाचन मतदाता शिक्षा कार्यक्रम कायान्वयन निर्देशिका, २०७३
- स्थानीय तह निर्वाचन पर्यवेक्षण नीति, निर्देशिका तथा आचार संहिता, २०७३
- स्थानीय तह निर्वाचन अनुगमन निर्देशिका, २०७३
- स्थानीय तह निर्वाचन (आर्थिक) निर्देशिका, २०७३
- स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७३
- गाउँ कार्यपालिका तथा नगर कार्यपालिका निर्वाचन निर्देशिका, २०७४
- जिल्ला समन्वय समिति निर्वाचन निर्देशिका, २०७४
- स्थानीय तह निर्वाचन निर्देशिका, २०७४

- स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४
- स्थानीय तह निर्वाचन (मतगणना) निर्देशिका, २०७४
- स्थानीय तह निर्वाचन (कसुर तथा सजाय) निर्देशिका, २०७४
- स्थानीय तह निर्वाचन आचार संहिता अनुगमन निर्देशिका, २०७४
- निर्वाचन विवाद निरुपण निर्देशिका, २०७६

(ङ) **निर्वाचनसम्बन्धी नीतिहरु**

- मतदाता शिक्षा नीति, २०७३
- निर्वाचन आयोगको सञ्चार नीति, २०७०
- निर्वाचन पर्यवेक्षण नीति, २०७०
- निर्वाचन आयोगको तालिम नीति, २०७०
- लैङ्गिक तथा समावेशीकरण नीति, २०७०
- आचारसंहिता
- स्थानीय तह निर्वाचन आचार संहिता २०७३

**च) आचारसंहिता**

- निर्वाचन आचार संहिता, २०७२

## विद्यमान निर्वाचन कानुनमा भएका मुख्य मुख्य व्यवस्थाहरू

### नेपालको संविधान

- संविधानको धारा २४५ मा आयोगको स्थापनासम्बन्धी व्यवस्था,
- राष्ट्रपति, उपराष्ट्रपति, संघीय संसदका सदस्य, प्रदेशसभाका सदस्य, स्थानीय तहका सदस्यको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,
- जनमत संग्रह गराउने
- मतदाता नामावली संकलन गर्ने,
- राजनीतिक दल दर्ता गर्ने (संगठन संचालन प्रयोजनार्थ र निर्वाचन प्रयोजनार्थ)
- निर्वाचन परिणाम घोषणा भईनसकेको अवस्थासम्म उम्मेद्‌वारको योग्यता सम्बन्धी प्रश्न उठेमा त्यसको निर्णय गर्ने काम गर्दछ ।

### निर्वाचन आयोग ऐन, २०७३

- निर्वाचन सम्बन्धी जिम्मेवारी सम्पादन गर्न आयोगले आवश्यक प्रमुख नाम दर्ता अधिकारी, नाम दर्ता अधिकारी, सहायक नाम दर्ता अधिकारी, मतदाता नामावली संकलनकर्ता, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत, सहायक

मतदान अधिकृत लगायत आवश्यक देखिएका अन्य पद सिर्जना गरी त्यस्ता पदहरुमा आवश्यकतानुसार कर्मचारीहरु नियुक्त गर्न वा तोक्न सक्ने ।

- आयोगले नेपाल सरकारको वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्था वा स्थानीय निकायका कर्मचारी वा सामुदायिक विद्यालयका शिक्षकलाई निर्वाचनको कुनै काममा खटाउन वा लगाउन सक्ने र निर्वाचनको काम सम्पन्न नभए सम्मको लागि त्यस्ता कर्मचारी वा शिक्षक आयोगको कर्मचारी हुने ।
- आयोगले आयोगका पदाधिकारी वा कर्मचारी वा नेपाल सरकारका कर्मचारी वा विशेषज्ञ सहितका टोली मार्फत निर्वाचनसँग सम्बन्धित मतदान वा मतगणनाको काम वा निर्वाचनको कामसँग सम्बन्धित अन्य काम कारबाहीको अनुगमन गर्न वा गराउन सक्ने ।
- कुनै स्वदेशी वा विदेशी व्यक्ति वा संस्थालाई निर्वाचनसँग सम्बन्धित मतदान वा मतगणनाको काम वा निर्वाचनको कामसँग सम्बन्धित अन्य काम कारबाहीको पर्यवेक्षण गर्न अनुमति दिन सक्ने ।
- आयोगले नियुक्त गरेको वा तोकेको वा खटाएको कर्मचारी वा सुरक्षाकर्मीले निर्वाचनको निष्पक्षतामा असर पर्ने कुनै काम गरेमा सोको कारण खुलाई निजलाई सुम्पिएको कामबाट हटाउन सक्ने ।
- कसैले कुनै किसिमको धाक, धम्की, डर वा त्रास देखाई वा अन्य किसिमले अनुचित प्रभावमा पारी कुनै निर्वाचन क्षेत्र वा मतदान केन्द्रमा निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम गरेमा त्यस्तो निर्वाचन क्षेत्रको निर्वाचन वा सो निर्वाचन क्षेत्रको कुनै वा सबै मतदान केन्द्रको मतदानको काम रद्द गर्न सक्ने ।
- निर्वाचनमा उम्मेदवारीको मनोनयन दर्ता भईसकेको तर निर्वाचन पूरा नहुँदै कुनै उम्मेदवार संविधान र कानुनले निर्धारण गरेको आधारमा अयोग्य छ वा हुन गएको छ भन्ने प्रश्नको निरुपण संविधानको धारा २४६ (३) बमोजिम आयोगले गर्ने ।
- आयोगमा दर्ता भएको राजनीतिक दलको मान्यता सम्बन्धी विवादको निरूपण गर्ने,
- आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनीतिक दल, उम्मेदवार तथा निजसँग सम्बन्धित व्यक्ति, सरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यमले पालना गर्नुपर्ने आचार संहिता बनाउन सक्ने,
- आचार संहिता उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आयोगले एक लाख रूपैँयासम्म जरिवाना हुने,
- कुनै उम्मेदवारले आचारसंहिता उल्लङ्घन गरेको कारणबाट निर्वाचन स्वतन्त्र, स्वच्छ र धाँधलीरहित तवरबाट हुन नसक्ने कुरामा आयोग विश्वस्त भएमा त्यस्तो उम्मेदवारको उम्मेदवारी रद्द गर्न सक्ने,

- आयोगले राजनीतिक दल तथा उम्मेदवारले निर्वाचनमा गर्न पाउने खर्चको हद तोक्ने र हदभन्दा बढी खर्च गरे जरिवाना गर्न सक्ने ।
- प्रचलित कानून वा आयोगको आदेश वा निर्देशनको जानी-जानी उल्लंघन हुने गरी वा बदनियतले कुनै काम कारबाही गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मीउपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानून बमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी सो कानून बमोजिम विभागीय कारबाही र सजाय गर्न सक्ने तथा निर्वाचनको निष्पक्षतामा असर पर्ने गरी काम गर्ने अन्यको हकमा कारबाहीका लागि अख्तियारवालासमक्ष सिफारिस गर्ने ।
- आयोगले आफूले गरेका कामको वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने,

**मतदाता नामावली सम्बन्धी ऐन**, २०७३

- मतदाताको नामावली संकलन गर्ने तथा त्यसको अद्यावधिक गर्ने कार्य गर्ने,
- मतदाताको योग्यता सम्बन्धमा उल्लेख गरिएको,
- मतदाता नामावली, संशोधित मतदाता नामावली प्रकाशन, दोहोरो मतदाता नामावली हटाउने, अन्तिम मतदाता नामावली प्रकाशन गर्ने
- अस्थायी मतदाता नामावली सम्बन्धी विशेष व्यवस्था गरिएको,
- मतदाताले स्थायी बसोबास गरेको मानिने र नमानिने सम्बन्धमा उल्लेख गरिएको,
- यो ऐन बमोजिमको विभिन्न कसूर गर्ने व्यक्तिलाई पचास हजार रुपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुबै सजाय वा दश हजार रुपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय हुन सक्ने,
- आयोगले मतदाता नामावली तयार गरेको विषयमा अदालतमा प्रश्न उठाउन नसकिने,
- यस ऐन बमोजिम दायर  गरिने मुद्दा नेपाल सरकार वादी भई दायर गरिने,
- यस ऐन बमोजिमको कसूरसँग सम्बन्धित मुद्दाको अनुसन्धान तथा तहकिकात सम्बन्धित जिल्लाको जिल्ला निर्वाचन अधिकारीले गर्ने ।

**निर्वाचन (कसूर र सजाय) ऐन**, २०७३

परिच्छेद २ - निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसुर :-

- अर्काको नामबाट मतपत्र लिने वा मतदान गर्ने वा गराउने कार्य,
- विभिन्न तरिकाबाट निर्वाचनमा कुनै उम्मेदवार वा मतदातालाई वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्तिलाई कुनै किसिमको प्रभाव पार्ने,

- निर्वाचनको नतिजामा प्रभाव पार्नका लागि कुनै उम्मेदवार वा निजको परिवारको सदस्यको चरित्र वा आचरणको सम्बन्धमा कुनै कुराको आरोप लगाई कुनै पनि किसिमले चरित्र हनन गर्ने वा गराउने कार्य,
- नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, प्रादेशिक वा राष्ट्रिय अखण्डतामा प्रतिकूल प्रभाव पार्ने, जनतामा निहित राजकीय सत्ता वा बहुदलीय प्रतिस्पर्धात्मक लोकतन्त्रमा प्रतिकूल प्रभाव पार्ने, कुनै धर्म, जात जाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा खलल हुने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने उद्देश्यले प्रचार-प्रसार गर्ने वा गराउने कार्य,
- निर्वाचन अवधिभित्र कुनै मतदातालाई निजको मतदानको अधिकार प्रयोग गर्न वा नगर्न वा मतदानको अधिकार प्रयोग गरे वा नगरे बापत उपहार, पुरस्कार, इनाम, दान-दातव्य वा बकसको रुपमा नगद वा जिन्सी लिन वा दिन मञ्जुर गर्ने,
- कर्मचारीले निर्वाचनमा प्रभाव पार्ने गरी निर्वाचनमा कुनै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै किसिमको काम गर्ने वा गराउने,
- सुरक्षाको काममा खटिएका सुरक्षाकर्मीले कानून बमोजिम लिन पाउने हातहतियार बाहेक हातहतियार साथमा लिएर हिड्ने वा प्रयोग गर्ने आदि ।

परिच्छेद ३ - मतदान तथा मतगणना सम्बन्धी सम्बन्धी कसुर :-

- मतदानको अधिकार विना मतदान गर्न नहुने
- पटक पटक मतदान गर्न नहुने
- मत संकेत सार्वजनिक गर्न नहुने
- मतदानको प्रक्रिया उलंघन गर्न नहुने
- मपेटिकामा मतपत्र बाहेक अन्य बस्तु खसाल्न नहुने
- मतदान भएको मतपत्र विगार्न वा नष्ट गर्न नहुने
- मतदान गर्न बाधा गर्न नहुने
- गैर नेपाली नागरिकले मतदान गर्न नहुने
- मतगणना स्थलमा अनधिकृत रुपमा प्रवेश गर्न नहुने
- मतगणना सम्बन्धी सामग्री विगार्न वा नोक्शान गर्न नहुने
- गलत ढंगले मतगणना गर्न नहुने
- हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने
- शान्ति भंग गर्न नहुने

परिच्छेद ४ - निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसुर :-

- प्रभाव पार्न नहुने
- नगद वा जिन्सि दिन वा लिन नहुने

परिच्छेद ५ - निर्वाचन प्रचार प्रसार सम्बन्धी कसुर :-

- भौगोलिक अखण्डता, गणतन्त्रात्मक व्यवस्थामा आँच आउने गरी प्रचार प्रसार गर्न नहुने
- चरित्र हनन गर्न नहुने
- निर्वाचनको प्रचार प्रसारमा गर्न नहुने अन्य कार्य सम्बन्धी व्यवस्था
- अनुचित ढंगले सवारी साधनको प्रयोग गर्न नहुने
- सरकारी कर्मचारी वा सार्वजनिक सम्पतीको प्रयोग गर्न नहुने

परिच्छेद ६ - निर्वाचन प्रचार प्रसारको आय व्यय सम्बन्धी कसुर :-

- आर्थिक सहयोग लिन नहुने
- अन्य व्यक्तिबाट खर्च गराउन नहुने
- आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न नहुने
- निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने
- निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने


परिच्छेद ६ - अन्य कसुर :-

- गलत लिखतलाई मान्यता दिन नहुने
- पदीय जिम्मेवारीबाट पन्छिन नहुने
- निर्वाचनको गोपनीयता भंग गर्न नहुने
- निर्वाचनमा प्रतिकुल असर पार्ने कार्य गर्न नहुने
- उद्योग, मदत वा दुरुत्साहन गर्न नहुने

## ३. निर्वाचन प्रणाली (Electoral Systems)

निर्वाचनमा मतदाताले गरेको मतदानबाट कसरी प्रतिनिधिहरु चुनिन्छन् भन्ने बताउने तरिका नै निर्वाचन प्रणाली (Electoral System) हो । विश्वका विभिन्न देशमा विभिन्न खालका निर्वाचन प्रणालीहरु प्रचलनमा आएका छन् । हाम्रो देशमा पनि केही निर्वाचन प्रणालीहरु प्रयोगमा ल्याइएका छन् ।

### विश्वमा प्रचलित निर्वाचन प्रणाली परिवार




*विस्तृत जानकारीका लागि www.ace.org वेभसाइटमा हेर्न सकिनेछ ।)*

**नेपालको संविधानमा व्यवस्था गरिएका निर्वाचन प्रणालीहरु**

१. पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली

२. समानुपातिक निर्वाचन प्रणाली

३. दुई चरण निर्वाचन प्रणाली

**केही ख्याल गर्नुपर्ने कुराहरु**

**१. बढिमत र बहुमत :**

बढिमत भनेको खसेको सदर मतमध्ये कुनैपनि उम्मेदवारले अन्य उम्मेदवारले भन्दा कम्तिमा १ भोट बढि ल्याएर भए पनि जित्ने निर्वाचन प्रणाली हो भने बहुमत भनेको कूल मत वा कूल सदर मतको ५०% (५०% + १ मत) भन्दा बढि मत ल्याएर मात्र विजयी हुने प्रणाली हो ।

**२. खुला सूची र बन्द सूची :**

समानुपातिक निर्वाचन प्रणालीमा यस्ता दुईखाले सूचीको प्रयोग हुन्छ । खुला सूची मतदाताको लागि खुला गरिएको अवस्था हो । सूचीमा प्रस्तावित उम्मेदवारहरुमध्येबाट मतदाताले छनौट गर्न पाउने अवसर हो भने बन्द सूची भनेको दलको लागि बन्द गरिएको अवस्था हो । सूचीमा पेश भएका उम्मेदवारहरुको अन्तिम नामावली आयोगले प्रकाशन गरेपछि दलले यसमा थपघट गर्न नपाउने अवस्था हो । बन्द सूचीमा मतदातालाई उम्मेदवार छनौट गर्ने अवसर प्राप्त हुँदैन केवल दललाई मात्र छनौट गरी मतदान गर्दछन् ।

***नेपालको समानुपातिक निर्वाचन प्रणालीमा प्रयोग गरिने सूची भने बन्दसूची हो ।***

नेपालको संविधानको धारा २४६ ले देहायका विभिन्न पद र तहहरुको निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने जिम्मेवारी निर्वाचन आयोगलाई दिएको छ । यसरी नेपालको निर्वाचन आयोगले सञ्चालन एवं व्यवस्थापन गर्ने विभिन्न पद र तहको निर्वाचनको लागि देहाय बमोजिमको निर्वाचन प्रक्रिया र निर्वाचन प्रणालीको व्यवस्था गरेको छ :

| क्र.सं | पद र तह | निर्वाचन प्रक्रिया | निर्वाचन प्रणाली | पदावधि |
|---|---|---|---|---|
| १. | राष्ट्रपति र उपराष्ट्रपति | ▪ संघीय संसद र प्रदेशसभाका सदस्य रहेको निर्वाचक मण्डल रहन्छ,<br>▪ निर्वाचक मण्डलका सदस्यको मतभार संघीय कानुन बमोजिम फरक हुने व्यवस्था छ ।<br>▪ बहुमत/ बढीमत प्रणालीअन्तर्गत दुई चरण निर्वाचन प्रणालीको अवलम्वन गरिएको छ,<br>▪ तीन चरणसम्म मतदान हुन सक्ने व्यवस्था छ<br>▪ निर्वाचित हुन निर्वाचक मण्डलको तत्काल कायम कुल मतको बहुमत (पचास प्रतिशत र कम्तीमा थप एक मत) आवश्यक हुन्छ, | बहुमत/बढीमत प्रणाली अन्तर्गत दुई चरण निर्वाचन प्रणाली र पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | ५ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ पहिलो चरणमा कुनै पनि उम्मेदवारले बहुमत प्राप्त नगरेमा सबैभन्दा बढी मत पाउने दुईजना बीच पुनः प्रतिस्पर्धा हुन्छ,<br>▪ दोस्रो चरणमा समेत कुनैपनि उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत ल्याउन नसके तेस्रो पटक मतदान हुन्छ,<br>▪ तेस्रो पटकको मतदानमा खसेको कुल सदर मतको बढी मत पाउने उम्मेदवार निर्वाचित हुन्छन् । | | |
| २. | राष्ट्रिय सभाका सदस्य | ● गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, नगरपालिकाका प्रमुख र उपप्रमुख तथा प्रदेश सभाका सदस्य रहेको निर्वाचक मण्डल रहन्छ,<br>● मतभार संघीय कानुन बमोजिम फरक फरक हुन्छ,<br>● प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, एकजना दलित, एकजना अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यकसहित ८ जनाका दरले ५६ जना निर्वाचित हुन्छन्,<br>● कम्तीमा एकजना महिलासहित ३ जना नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनित हुन्छन्,<br>● हरेक समुहबाट तोकिए अनुसारको संख्यामा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवार विजयी हुने । | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | ६ वर्ष |
| ३. | प्रतिनिधि सभाका सदस्य | ▪ २७५ मध्ये ६० प्रतिशत अर्थात १६५ सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र ४० प्रतिशत अर्थात ११० सदस्य राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन् । | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली | ५ वर्ष |

| | | | | |
|---|---|---|---|---|
| ४. | प्रदेश सभाका सदस्य | ▪ ५५० मध्ये ६० प्रतिशत अर्थात ३३० सदस्य पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम र ४० प्रतिशत अर्थात २२० सदस्य राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हुन्छन् । | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणाली | ५ वर्ष |
| ५. | स्थानीय तहका सदस्य | ▪ वडा तहमा एक वडा अध्यक्ष, एक जना महिला सदस्य, एक जना दलित महिला सदस्य सहित पाँच (५) जना रहने वडा समिति पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली<br>▪ अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली<br>▪ कार्यपालिका सदस्यमा सभाका सदस्यहरुले आफु मध्येबाट गाउँपालिकामा ४ तथा नगरपालिकामा ५ जना र दलित वा अल्पसंख्यक समुदायाबाट गाउँपालिकामा २ तथा नगरपालिकामा ३ जना सदस्यहरुको निर्वाचन गर्ने व्यवस्था रहेको । | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | ५ वर्ष |
| ६ | जिल्ला समन्वय समिति | ▪ सम्बन्धित जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाका अध्यक्ष र उपाध्यक्ष वा प्रमुख र उपप्रमुख रहेको जिल्ला सभा रहने<br>▪ जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा तीन जना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्ने<br>▪ जिल्ला समन्वय समितिको निर्वाचनमा सम्बन्धित जिल्ला भित्र रहेको गाउँ र नगर सभाका सदस्यहरु उम्मेदवार हुने पाउने र निर्वाचित उम्मेदवारको गाउँ वा नगर सभाको पद स्वतः रिक्त हुने । | पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली | |

# सत्र योजना (Session Plan)

**तालीमको नाम : निर्वाचन विवाद निरुपण** **सत्र : तेस्रो**

**सत्रको विषय : निर्वाचन विवाद, हिंसा र कसुरको स्वरुप तथा कानुनी व्यवस्था समय : १ घण्टा ३० मिनट**

**सत्रको उद्देश्य : यस शत्रको अन्तमा सहभागीहरु देहया कुराहरु गर्न सक्षम हुनेछन ।**

क) निर्वाचन विवादको परिचय दिई कुनै दुइ प्रकृति वताउन

ख) निर्वाचन हिंसाका बिषयमा छलफल चलाउन

ग) निर्वाचन विवाद, हिंसा र कसुर बिच रहेको फरक वताउन

| विषय बस्तु | | क्रियाकलाप | विधि/ तरीका | सामाग्री | समय |
|---|---|---|---|---|---|
| मुख्य शिर्षक | उपशिर्षक | | | | |
| **क. सिक्ने वातावरणको सृजना** | | कसैले अर्को व्यक्तिको नाममा मतदान गर्नु, निर्वाचन प्रचार प्रसारमा हमला गर्नु र निर्वाचन सामाग्री माथि कब्जा गरी प्रयोग हुन नदिनु जस्ता कार्यहरु स्वच्छ निर्वाचनका बाधक हुन भने यी कार्यहरुलाई निर्वाचनका सम्बन्धमा कसरी हेरिन्छ वा यी कार्यहरु कस्ता प्रकृतिका कार्य होलन भनि प्रश्न गर्ने सके सम्म सबै सहभागिहरुलाई जवाफ दिन भन्ने र आएका उत्तर हरु सेतो पाटीमा टिप्दै जाने | प्रश्न उत्तर | सेतो पाटी वोर्ड मार्कर | ५ मिनट |
| **ख. विषय वस्तुमा प्रवेश** | | सहभागिहरुबाट आएका विभिन्न बिचारहरु मध्ये विवाद, हिंसा र कसुरका बिषयहरुलाई जोड दिदै हामी यस सत्रमा निर्वाचन विवाद, हिंसा र कसुरका बिषयमा छलफल गर्दैछौ भन्ने जानकारी दिदै सत्रमा प्रवेश गर्ने | लघु प्रवचन | | ५ मिनट |
| **ग. विस्तृत क्रियाकलाप** | | | | | |
| **अ. निर्वाचचन विवाद, हिंसा र कसुर** | | सहभागिहरुलाई छ समुहमा विभाजन गरि निर्वाचन विवाद, निर्वाचन हिंसा र निर्वाचन कसुरहरु के के होलान भन्ने प्रश्न तिन वटा मेटाकार्डमा लेखि हरेक समुहलाई एक एक वटा वितरण गर्ने यसो गर्दा एक समुहले के पायो भन्ने कुरा अर्को समुहलाई जानकारी नहुने गरी वितरण गर्ने र सोही अनुसार कार्य गर्न अनुरोध गर्ने सहभागिहरुले कार्य सम्पन्न गरे पछि सबै समुहको प्रस्तुतीका लागि अनुरोघ गर्ने । हरेक समुहको प्रस्तुतीमा अन्य समुहको पृष्ठपोषण माग गर्ने र छलफल गर्ने | घटना अध्ययन, समुह कार्य | सेतो पाटी, वोर्ड मार्कर, परमनेण्ट मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | २५ मिनट (१० मिनट समुह कार्य, १० मिनट प्रस्तुती र छलफल ५ मिनट) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | पर्ने महत्वपूर्ण बिषय आएमा सहजकर्ताले आफ्नो डायरीमा टिपोट गरी आफ्नो प्रस्तुतीको क्रममा सो बिषयमा स्पष्टपार्ने । | | | |
| | **निर्वाचन विवाद** | निर्वाचन विवादको परिचय र प्रकृतिको सम्बन्धमा पावर पइण्ट प्रस्तुत गर्दै थप स्पष्ट पार्ने | लघु प्रवचन | ल्यापटप, प्रोजेक्टर | ५ मिनट |
| | **निर्वाचन हिंसा** | निर्वाचन हिंसाको परिचय, हिंसा हुने अवधि निर्वाचन पूर्व, निर्वाचनको अवधि र निर्वाचन पश्चात हो भन्ने कुरा उदाहरण सहित आफुले तयार गरेको सामाग्री प्रस्तुत गर्दै छलफल गर्ने साथै नेपाल र अन्य मुलुकमा हुने निर्वाचन हिंसाहरु कस्ता कस्ता होलान भन्ने बिषयमा समेत छलफल गर्ने | लघु प्रवचन | | १० मिनट |
| | **निर्वाचन कसुर** | निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा आँच आउने निर्वाचनको कार्य प्रकृयामा अवरोध गर्ने, प्रतिरोध गर्ने तथा निर्वाचनको अधिकारबाट बाञ्चित गर्नको लागि गर्ने कार्यहरु निर्वाचन कसुर हुन भन्ने कुरा बताउदै निर्वाचन कसुर कस्ता कस्ता हुन सक्छन भन्ने सम्बन्धमा पावर पइण्ट प्रस्तुतका माध्यमबाट स्पष्ट पार्ने | लघु प्रवचन | सेतोपाटी, मार्कर, ल्यापटप, प्रोजेक्टर | १५ मिनट |
| **घ. संक्षेपीकरण** | | निर्वाचन विवाद, हिंसा र कसुरको अवधारण र नेपालको अभ्यासका सम्बन्धमा संक्षेप बताउने | प्रवचन | | ५ मिनट |
| **ङ. मूल्याङ्कन :** | | सहभागिहरुको बुझाई मापन गर्न देहायका प्रश्न गर्ने<br>क) निर्वाचन विवाद के लाई भनिन्छ ?<br>ख) निर्वाचन हिंसा के हो र यसले निर्वाचनमा कस्तो प्रभाव पार्न सक्छ ?<br>ग) निर्वाचन विवाद, हिंसा र कसुर बिच के फरक छ ?<br>सहभागिहरुमा केही जिज्ञासा भए राख्न अवसर दिने र नभए धन्यवाद दिई सत्र समापन गर्ने | प्रश्न उत्तर | | ५ मिनट |

सत्र पछि सहजकर्ताको निष्कर्ष :

सहजकर्ताको नाम :

मितिः

## सत्र-तीन

निर्वाचन विवाद, हिंसा र कसुरको स्वरुप

| | |
|---|---|
| निर्वाचन विवाद | निर्वाचन व्यवस्थापन गर्दा निर्वाचन आयोग वा निर्वाचनसँग सम्बन्धित कर्मचारीहरु, राजनीतिक दल, उम्मेदवार वा तिनका कार्यकर्ता तथा शुभेच्छुक वा समर्थक, निर्वाचनसँग सम्बद्ध सरोकार राख्ने कुनै संघ संस्था वा व्यक्तिहरुले काम, कारवाही, निर्णय वा प्रक्रियाको सिलसिलामा उत्पन्न विवाद सम्झनु पर्दछ । |
| निर्वाचन विवादका प्रकृति | • प्रशासकीय प्रकृतिका,<br>• आपराधिक प्रकृतिका,<br>• राजनीतिक वा कानुनी प्रकृतिका । |
| निर्वाचन हिंसा | • बल जवरजस्ती, दवावपूर्ण, धम्कीपूर्ण, दुर्व्यवहारपूर्ण तथा अवैधानिक कार्य र व्यवहार ।<br>• निर्वाचनको हरेक चरण तथा प्रकृयामा भौतिक तथा मानसिक रुपमा क्षति पुऱ्याउछ<br>• स्वच्छ, निष्पक्ष र स्वतन्त्र प्रतिस्पर्धात्मक निर्वाचन प्रकृयामा समेत आघात पुऱ्याउँछ<br>• निर्वाचनका समग्र प्रकृयालाई नकरात्मक प्रभाव पार्न उद्यत हुन्छ ।<br>• निर्वाचनलाई ढिलाई गर्ने प्रयत्न गर्नु<br>• मतदातालाई मतदाता नामावली नाम दर्ता गराउने कार्यमा अवरोध पुऱ्याउनु<br>• निर्वाचन प्रचारप्रसार कार्यमा अवरुद्ध गर्नु<br>• मतदातालाई मतदान गर्नबाट वञ्चित गर्नु<br>• मतगणना कार्यमा अवरोध पार्न खोज्नु<br>• नतिजालाई प्रभावित गर्न खोज्नु<br>• निर्वाचनमा विजेताको प्रतिस्पर्धात्मक दौडमा रहेका उम्मेदवारहरुलाई त्रसित पार्नु<br>• निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वासनीय रुपमा सम्पन्न गर्ने उद्देश्यले लागू गरिएको निर्वाचन आचार संहितालाई उल्लंघन गर्ने<br>• निर्वाचन हिंसाको प्रकृति र परिणाम मुलुकै पिच्छे फरक-फरक हुने<br>• निर्वाचन हिंसा (Electoral Violence) विश्वका हरेक विकसित तथा विकासोन्मुख मुलुकहरुमा विद्यमान छ । |
| अन्य मुलुकमा हुने निर्वाचन हिंसाका स्वरुपहरु | • Shooting सुटिङ-गोली प्रहार<br>• Explosion विष्फोट<br>• Rebel Atrocity विद्रोह अत्याचार |

| | |
|---|---|
| | • Murder/Ambush हत्या/विद्युतीय धराप<br>• Frustrated Homicide/Murder हत्या<br>• Harassment/Intimidation दुर्व्यवहार<br>• Burning/Arson आगजनी<br>• Abduction अपहरण<br>• Ballot Snatching मतपत्र च्यात्नु<br>• Encroachment कब्जा<br>• Others अन्य |
| **नेपालमा निर्वाचन हिंसाको स्वरुप** | • भय त्रास फैलाउने<br>• कुटपिट र ढुङ्गामुढा गर्ने<br>• बम बिस्फोटन, गोली प्रहार र हत्या<br>• आगजनी<br>• हातहतियारको प्रयोग<br>• निर्वाचन प्रचारप्रसारलाई विथोल्ने कार्य<br>• मतपत्र च्यात्ने तथा मतदान केन्द्र कब्जा<br>• निर्वाचन कार्यमा संलग्न कर्मचारीलाई प्रभाव पार्ने, वित्तीय वितरण<br>• अपहरण<br>• मतदातालाई धम्काउने । |
| निर्वाचन पूर्वको चरण | • (Pre-election phase) यस चरणमा निर्वाचन सुधारका कार्यहरु तथा रणनीतिक योजनाले निर्देश गरेका क्रियाकलापहरु प्रारम्भ गरिन्छ ।<br>• निर्वाचन कानुन, सांगठनिक सुधार, संस्थागत एवम जनशक्तिको क्षमताको अभिवृद्धि गरिन्छ ।<br>• नेपालको सन्दर्भमा निर्वाचन हुने मितिभन्दा १ सय २० दिन भन्दा अगाडिको अवधि नै निर्वाचन पूर्वको चरण हो । |
| निर्वाचन अवधिको चरण | • (During election phase) निर्वाचन आयोग ऐन, २०७३ को दफा २ (झ) बमोजिम “निर्वाचन अवधि” भन्नाले निर्वाचन हुने मिति भन्दा १ सय २० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधि सम्झनुपर्छ । |

| | |
|---|---|
| | ● यस चरणमा निर्वाचनको लागि आवश्यक पर्ने निर्वाचन सामाग्रीको व्यवस्थापन, जनशक्तिको आंकलन र तालिम तथा मतपत्र छपाई ढुवानी आदि गरिन्छ ।<br>● मतदान, मतगणना तथा परिणाम घोषणा गरी निर्वाचन सम्पन्न गरिन्छ । |
| निर्वाचन पश्चातको चरण | ● (Post election phase) निर्वाचनको अन्तिम परिणाम सार्वजनिक भइसकेपछि यो चरणको प्रारम्भ हुन्छ ।<br>● यस चरणमा सम्पन्न भएको निर्वाचनको समग्र मूल्याङ्कन गरि प्रतिवेदन तयार पारिन्छ ।<br>● निर्वाचन पर्यवेक्षण संस्थाहरुको प्रतिवेदन प्राप्त हुन्छन् ।<br>● सम्पन्न निर्वाचनमा देखिएका कमी कमजोरीहरु हटाउन रणनितिक योजनाको निर्माण गरिन्छ । |
| **निर्वाचनको अवधिमा हुने निर्वाचन हिंसा** | ● निर्वाचनसँग सम्बन्धित कानून तथा नीति निर्माण कार्यमा बाधा गर्नु, प्रभावित पार्नु,<br>● स्वतन्त्र रुपमा निर्णय गर्न नदिनु र धम्काउनु,<br>● निर्वाचन कार्यालय तथा सुरक्षा बललाई धम्काउनु, आक्रमण गर्नु,<br>● पत्रकारहरुलाई धम्काउनु दुर्व्यवहार गर्नु,<br>● सञ्चार माध्यमलाई निर्वाचनसम्बन्धी सूचना तथा शिक्षामूलक कार्य स्वतन्त्र रुपमा सम्प्रेषण गर्न नदिनु,<br>● धार्मिकस्थल, गुठी, पाटीपौवा, विद्यालय मठमन्दिर आदि जस्ता सार्वजनिक स्थानहरुमा त्रासपूर्ण वातावरण सिर्जना गर्नु,<br>● प्रहरी, गुप्तचर सेवा लगायतका सेवालाई अनुचित रुपमा प्रभावित पार्नु, अपहरण, धडपकड, जस्ता क्रियाकलापहरु संचालन गर्नु,<br>● निषेधित क्षेत्रको निषेधाज्ञा उल्लंघन गर्नु आदि । |
| निर्वाचन प्रचारप्रसार) | ♦ प्रतिद्वन्दी समूहहरु बीच झडप,<br>♦ ऱ्याली र उम्मेदवारहरु माथि आक्रमण,<br>♦ निर्वाचन निकायहरुमा आक्रमण,<br>♦ बम विष्फोट गर्नु/गराउनु,<br>♦ आचारसंहितालाई अतिक्रमण गर्नु,<br>♦ आकर्षक पोस्टर तथा पम्प्लेट टाँस्नु, |

| | |
|---|---|
| | ♦ राष्ट्रिय, अन्तराष्ट्रिय पर्यवेक्षकहरु माथि आक्रमण आदि । |
| मतदानको दिन | ♦ मतदान केन्द्रमा आक्रमण तथा मतदान गर्ने कार्यमा अवरोध गर्नु,<br>♦ मतदाताहरुलाई मतदान नगर्न अथवा आफ्नो पक्षमा मतदान गर्न दवाव दिनु जस्ता कार्यहरु गर्नु,<br>♦ मतदातालाई घरबाट मतदान केन्द्रसम्म जान नदिने, |
| **निर्वाचन हिंसाका कर्ताहरु** | ♦ निर्वाचन व्यवस्थापन निकाय,<br>♦ राजनीतिक दल,<br>♦ राजनीतिक दलका सहयोगी,<br>♦ कानून कार्यान्वयन गर्ने निकाय,<br>♦ सुरक्षा निकाय,<br>♦ विभिन्न सशस्त्र समूहहरु,<br>♦ अतिवादी समूह,<br>♦ यूवा तथा विद्यार्थी आन्दोलन आदि । |
| निर्वाचन कसूर | ● निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ अनुसार निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामा आँच आउने निर्वाचनको कार्य प्रकृयामा अवरोध गर्ने, प्रतिरोध गर्ने तथा निर्वाचनको अधिकारबाट बाञ्चित गर्नको लागि गर्ने कार्यहरु । |
| निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसूर | ● झुट्टा विवरण तथा कागजात सहित मनोनयनपत्र पेश गर्न नहुने :<br>● निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने<br>● मतपत्रको दुरुपयोग गर्न नहुने :<br>● गैरकानूनी तवरले मतपत्र दिन वा लिन नहुने : |
| मतदान तथा मतगणना सम्बन्धी कसूर | ● मतदानको अधिकार बिना मतदान गर्न नहुने :<br>● पटक पटक मतदान गर्न नहुने :<br>● मत सङ्केत सार्वजनिक गर्न नहुने :<br>● मतदानको प्रक्रिया उल्लङ्घन गर्न नहुने :<br>● मतपत्र बाहेक मतपेटिकाभित्र अन्य वस्तु खसाल्न वा राख्न नहुने :<br>● मतदान भएको मतपत्र विगार्न वा नष्ट गर्न नहुने :<br>● मतदान गर्न बाधा गर्न नहुने : |

| | |
|---|---|
| | • गैर नेपाली नागरिकले मतदान गर्न नहुने :<br>• मतगणनास्थलमा अनधिकृत रुपमा प्रवेश गर्न नहुने :<br>• मतगणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न नहुने :<br>• गलत ढङ्गले मतगणना गर्न नहुने<br>• हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने :<br>• शान्ति भङ्ग गर्न नहुने : |
| निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसूर | • प्रभाव पार्न नहुनेः निर्वाचनको सिलसिलामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले कुनै उम्मेदवार वा मतदाता वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै व्यक्ति वा निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीलाई कुनै किसिमको प्रभाव पार्न हुँदैन<br>• नगद वा जिन्सी दिन वा लिन नहुने : |
| निर्वाचन प्रचारप्रसारसम्बन्धी कसूर | • प्रचारप्रसार गर्न नहुने :<br>• चरित्र हनन गर्न नहुने :<br>• निर्वाचनको प्रचारप्रसारमा गर्न नहुनेअन्य कार्य<br>• अनुचित ढङ्गलेसवारी साधनको प्रयोग गर्न नहुने :<br>• सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने |
| निर्वाचन प्रचारप्रसारको आय-व्यय सम्बन्धी कसूर | • आर्थिक सहयोग लिन नहुने : राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारमा प्रचलित सङ्घीय कानून विपरित हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन हुँदैन ।<br>• अन्य व्यक्तिबाट खर्च गराउन नहुने : राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाउन हुँदैन<br>• आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न नहुने :<br>• निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने :<br>• निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने : |
| अन्य कसूर तथा सजाय | • गलत लिखतलाई मान्यता दिन नहुने :<br>• पदीय जिम्मेवारीबाट पन्छिन नहुने<br>• निर्वाचनको गोपनीयता भङ्ग गर्न नहुने :<br>• निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गर्न नहुने :<br>• उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुन |

## ३. निर्वाचन विवाद, हिंसा र कसूर (Electoral Dispute, Violence and Offences)

### निर्वाचन विवाद के हो

सामान्य अर्थमा लिँदा निर्वाचन विवाद भन्नाले निर्वाचन व्यवस्थापन गर्दा निर्वाचन आयोग वा निर्वाचनसँग सम्बन्धित कर्मचारीहरु, राजनीतिक दल, उम्मेदवार वा तिनका कार्यकर्ता तथा शुभेच्छुक वा समर्थक, निर्वाचनसँग सम्बद्ध सरोकार राख्ने कुनै संघ संस्था वा व्यक्तिहरुले काम, कारवाही, निर्णय वा प्रक्रियाको सिलसिलामा उत्पन्न विवाद सम्झनु पर्दछ ।

निर्वाचन विवाद ३ विभिन्न प्रकृतिका हुन्छन् :-

(१) प्रशासकीय प्रकृतिका,

(२) आपराधिक प्रकृतिका, र

(३) राजनीतिक वा कानुनी प्रकृतिका ।

प्रशासकीय विवादहरु प्रशासकीय प्रकृतिका हुन्छन् । निर्वाचन प्रयोगको लागि कर्मचारीको पदस्थापना, मतदान केन्द्रको निर्धारण, दलले गरेको निर्वाचनसम्बन्धी कानुनको उल्लंघन, मतगणनामा गणीतिय त्रुटी, आदि जस्ता विवादहरु यसै प्रकृति भित्र पर्दछन् । कानुनद्वारा निर्वाचन अपराध भनी परिभाषित गरिएका अपराधसम्बन्धी विवाद आपराधिक विवाद हुन । राजनीतिक वा कानुनी विवाद भन्नाले निर्वाचनको स्वच्छता र स्वतन्त्रतासम्बन्धी विवाद हुन । यसमा निर्वाचनमा हुने खराव अभ्यास, अनुचित प्रभाव र निर्वाचन बदरसम्बन्धी विषय पर्दछन् ।

विवादको प्रकृतिको दृष्टिकोणले आपराधिक विवाद र कानुनी विवाद एकै प्रकृतिका देखिन्छन् । यस्ता विवादहरु राजनैतिक वा कानुनी विवाद हुन भन्ने कुरा यस्ता विवादहरु निरुपण गर्न अपनाइएको संयन्त्रमा पनि भर पर्दछ । निर्वाचन सम्बन्धी विवादहरु मध्ये धेरैजसो प्रक्रियागत त्रुटी एवं पारदर्शिताको अभावका कारण उत्पन्न हुने गरेका छन् ।

निर्वाचन चक्रका तीन चरण भित्रका विभिन्न प्रक्रिया सञ्चालनका क्रममा विभिन्न कारणले विवाद उत्पन्न हुन सक्छन । जस्तैः निर्वाचन पूर्वको चरणमा मतदाता नामावलीसम्बन्धी विवाद, राजनीतिक दल दर्ता सम्बन्धी विवाद, निर्वाचन अवधिको चरणमा मतदान केन्द्र र मताधिकार सम्बन्धी विवाद, उम्मेदवारको मनोनयन सम्बन्धी विवाद, आचारसंहिता पालना सम्बन्धी विवाद, प्रचार प्रसार सम्बन्धी विवाद, मतदान केन्द्रमा मताधिकार र व्यवस्थापकीय विवाद, मतगणनाको समयमा मतगणना सम्बन्धी विवाद, परिणामको स्वीकार्य र अस्वीकार्यता सम्बन्धी विवाद आदि विवादका स्वरुपहरु हुन् भने निर्वाचन पश्चात्को अवधिमा निर्वाचन व्यवस्थापन सुधार एवं रणनीतिक योनजा सम्बन्धी विवादहरु उत्पन्न हुन सक्छ ।

### निर्वाचन हिंसा के हो ?

निर्वाचन हिंसा त्यस्तो बलजर्वजस्ती, दवावपूर्ण, धम्कीपूर्ण, दुर्व्यवहारपूर्ण तथा अवैधानिक कार्य र व्यवहार हो,जसले निर्वाचनको हरेक चरण तथा प्रकृयामा भौतिक तथा मानसिक रुपमा क्षति

पुऱ्याउनका साथै साथै स्वच्छ, निष्पक्ष र स्वतन्त्र प्रतिस्पर्धात्मक निर्वाचन प्रकृयामा समेत आघात पुऱ्याउँछ एवं निर्वाचनका समग्र प्रकृयालाई नकरात्मक प्रभाव पार्न उद्यत हुन्छ । निर्वाचनलाई ढिलाई गर्ने प्रयत्न गर्न, मतदातालाई मतदाता नामावली नाम दर्ता गराउने कार्यमा अवरोध पुऱ्याउनु, निर्वाचन प्रचारप्रसार कार्यमा अवरुद्ध गर्नु, मतदातालाई मतदान गर्नबाट वञ्चित गर्नु, मतगणना कार्यमा अवरोध पार्न खोज्नु, नतिजालाई प्रभावित गर्न खोज्नु, निर्वाचनमा विजेताको प्रतिस्पर्धात्मक दौडमा रहेका उम्मेदवारहरुलाई त्रसित पार्नु लगायतका गतिविधिहरु संचालन गर्ने, गराउने कार्य निर्वाचन हिंसा हो । निर्वाचनलाई स्वच्छ, निष्पक्ष र विश्वासनीय रुपमा सम्पन्न गर्ने उद्देश्यले लागू गरिएको निर्वाचन आचार संहितालाई उल्लंघन गर्ने कार्य पनि एक प्रकारको निर्वाचन हिंसा तथा निर्वाचन कसूर नै हो । निर्वाचन अवधिमा निर्वाचन प्रकृयालाई अवरुद्ध पार्ने स्वेच्छाचारीपूर्ण क्रियाकलाप पनि निर्वाचन हिंसा अर्न्तगत नै पर्दछन् ।

मुलुकको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक परिस्थिति र परिवेश अनुसार निर्वाचन हिंसाको प्रकृति र परिणाम मुलुकै पिच्छे फरक-फरक भएपनि निर्वाचन हिंसा (Electoral Violence) विश्वका हरेक विकसित तथा विकासोन्मुख मुलुकहरुमा विद्यमान छ ।

**निर्वाचन हिंसाका स्वरुपहरु :**

| **विकसित मुलुकहरुमा र दक्षिण एसियाली मुलुकहरुमा हुने निर्वाचन हिंसाको किसिम र स्वरुप** | **नेपालमा निर्वाचन हिंसाको स्वरुप** |
|---|---|
| ♦ Shooting सुटिङ-गोली प्रहार | ♦ भय त्रास फैलाउने |
| ♦ Explosion विष्फोट | ♦ कुटपिट र ढुङ्गामुढा गर्ने |
| ♦ Rebel Atrocity विद्रोह अत्याचार | ♦ बम बिस्फोटन, गोली प्रहार र हत्या |
| ♦ Murder/Ambush हत्या/विद्युतीय धराप | ♦ आगजनी |
| ♦ Frustrated Homicide/Murder हत्या | ♦ हातहतियारको प्रयोग |
| ♦ Harassment/Intimidation दुर्व्यवहार | ♦ निर्वाचन प्रचारप्रसारलाई विथोल्ने कार्य |
| ♦ Burning/Arson आगजनी | ♦ मतपत्र च्यात्ने तथा मतदान केन्द्र कब्जा |
| ♦ Abduction अपहरण | ♦ निर्वाचन कार्यमा संलग्न कर्मचारीलाई प्रभाव पार्ने, वित्तीय वितरण |
| ♦ Ballot Snatching मतपत्र च्यात्नु | ♦ अपहरण |
| ♦ Encroachment कब्जा | ♦ मतदातालाई धम्काउने । |
| ♦ Others अन्य | |

निर्वाचन चक्रका विभिन्न चरणहरुमा निर्वाचन हिंसा सिर्जना हुन सक्छन् । एक अवधिको कार्यले अर्को अवधिको कार्यमा प्रत्यक्ष असर पार्ने हुनाले निर्वाचन प्रक्रिया घुमिरहने चक्रीय अवधारणा हो । यो चक्र निर्वाचन कानुन तथा योजना बनाउने, आवश्यक तयारी गर्ने, मतदाता नामावलीमा नाम तथा विवरण दर्ता गर्ने कार्यबाट शुरु भई निर्वाचन हुँदा र निर्वाचनपछि पनि रहिरहन्छ । निर्वाचनपछिको

अवधिमा निर्वाचनताकाको काम कारवाहीको समीक्षा गरिन्छ र अर्को चुनावको सबै पक्षमा सुधार गरी तयारी गरिन्छ । तर संकुचित अर्थमा निर्वाचन प्रक्रिया निर्वाचनको सूचना जारी भएपछि शुरु हुन्छ र निर्वाचनको परिणाम घोषणा भएपछि समाप्त हुन्छ । तसर्थ, निर्वाचन विवादहरु पनि यसै सन्दर्भमा बुझ्नुपर्ने हुन्छ र माथि उल्लिखित तीनवटै अवधिका विवादलाई निर्वाचनसम्बन्धी विवाद सम्झनु पर्दछ ।

## निर्वाचनको विभिन्न चरणमा हुने हिंसा ।

### निर्वाचनको अवधिमा हुने निर्वाचन हिंसाः

यस चरणमा खासगरी निर्वाचन कार्यालय र यससँग सम्बन्धित राज्यका अन्य निकायहरुलाई लक्षित गरी धम्कयाउने र आक्रमण गर्ने कार्य पर्दछन् यसको मुख्य उद्देश्य विपक्षीलाई कमजोर तुल्याउनु नै हो ।

**उदाहरण :**

- निर्वाचनसँग सम्बन्धित कानून तथा नीति निर्माण कार्यमा बाधा गर्नु, प्रभावित पार्नु,
- स्वतन्त्र रुपमा निर्णय गर्न नदिनु र धम्काउनु,
- निर्वाचन कार्यालय तथा सुरक्षा बललाई धम्काउनु, आक्रमण गर्नु,
- पत्रकारहरुलाई धम्काउनु दुर्व्यवहार गर्नु,
- सञ्चार माध्यमलाई निर्वाचनसम्बन्धी सूचना तथा शिक्षामूलक कार्य स्वतन्त्र रुपमा सम्प्रेषण गर्न नदिनु,
- धार्मिकस्थल, गुठी, पाटीपौवा, विद्यालय मठमन्दिर आदि जस्ता सार्वजनिक स्थानहरुमा त्रासपूर्ण वातावरण सिर्जना गर्नु,
- प्रहरी, गुप्तचर सेवालगायतका सेवालाई अनुचित रुपमा प्रभावित पार्नु,
  अपहरण, धडपकड, जस्ता क्रियाकलापहरु संचालन गर्नु,
- निषेधित क्षेत्रको निषेधाज्ञा उल्लंघन गर्नु आदि ।

**(निर्वाचन प्रचारप्रसार)**

- प्रतिद्वन्दी समूहहरु बीच झडप,
- र्‍याली र उम्मेदवारहरु माथि आक्रमण,
- निर्वाचन निकायहरुमा आक्रमण,
- बम विष्फोट गर्नु/गराउनु,
- आचारसंहितालाई अतिक्रमण गर्नु,

- आकर्षक पोस्टर तथा पम्प्लेट टाँस्नु,
- राष्ट्रिय, अन्तराष्ट्रिय पर्यवेक्षकहरु माथि आक्रमण आदि ।

**मतदानका दिन**

- मतदान केन्द्रमा आक्रमण तथा मतदान गर्ने कार्यमा अवरोध गर्नु,
- मतदाताहरुलाई मतदान नगर्न अथवा आफ्नो पक्षमा मतदान गर्न दवाव दिनु जस्ता कार्यहरु गर्नु,
- मतदातालाई घरबाट मतदान केन्द्रसम्म जान नदिने,

**निर्वाचन हिंसाको प्रभाव**

**निर्वाचन हिंसात्मक कार्यले निम्न पक्षहरुमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा नकारात्मक प्रभाव पार्छः-**

- निर्वाचन कार्यमा संलग्न निर्वाचन अधिकृत, सहायक निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतको कार्यालय,
- मतदाता, उम्मेदवार र राजनीतिक दलका कार्यकर्ता, प्रतिनिधि,
- प्रहरी, सुरक्षाकर्मी,
- निर्वाचन प्रचारप्रसार
- मतदान केन्द्र,
- मतदानको कार्य,
- मतगणना कार्य,
- निर्वाचन परिणाम,

**निर्वाचन हिंसाका कर्ताहरु**

- निर्वाचन एक एक बृहत राष्ट्रव्यापी कार्य भएकोले स्वतन्त्र, निष्पक्ष र विवाहरहित तरिकाबाट निर्वाचन सम्पन्न गर्न राज्यका हरेक निकायहरु प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहभागी हुन्छन् ।
- निर्वाचन व्यवस्थापन निकाय (Electoral Management Body-EMB) निर्वाचन सञ्चालन, नियन्त्रण तथा रेखदेख गर्ने जिम्मेवार निकायको रुपमा रहन्छ । निर्वाचन व्यवस्थापन निकाय स्वतन्त्र, सक्षम हुनु आवश्यक छ । EMB स्वतन्त्र, सक्षम, व्यवसायीक तथा पारदर्शी भएन भने निर्वाचन हिंसाको प्रत्यक्ष प्रभाव पर्न सक्छ । निर्वाचन हिंसाका कर्ता देहाय बमोजिम हुन सक्छन् ।
- निर्वाचन व्यवस्थापन निकाय,
- राजनीतिक दल,
- राजनीतिक दलका सहयोगी,
- कानून कार्यान्वयन गर्ने निकाय,
- सुरक्षा निकाय,
- विभिन्न सशस्त्र समूहहरु,

- अतिवादी समूह,
- यूवा तथा विद्यार्थी आन्दोलन आदि ।

## निर्वाचन कसूर

निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ अनुसार निर्वाचनको स्वच्छता, निष्पक्षता र विश्वसनीयतामामा आँच आउने निर्वाचनको कार्य प्रकृयामा अवरोध गर्ने, प्रतिरोध गर्ने तथा निर्वाचनको अधिकारबाट बाञ्चित गर्नको लागि गर्ने कार्यहरु हिंसा र डर त्रास, धाँधली र गैरकानूनी अभ्यास लगायत निर्वाचन (कसूर र सजाय) ऐन, २०७३ ले निषेध गरेका कार्यहरु गर्ने तथा त्यस्ता प्रतिबन्धित गतिविधिहरु सञ्चालन गर्ने कार्यलाई निर्वाचन कसूर भनिन्छ ।

ऐनमा व्यवस्था भएका निर्वाचनसम्बन्धी कसूर

निर्वाचन सम्बन्धी लिखत तथा निर्वाचन सामग्री सम्बन्धी कसूर

- झुट्टा विवरण तथा कागजात सहित मनोनयनपत्र पेश गर्न नहुने :
- निर्वाचन सामग्रीको प्रयोगमा बाधा पुऱ्याउन नहुने
- मतपत्रको दुरुपयोग गर्न नहुने :
- गैरकानूनी तवरले मतपत्र दिन वा लिन नहुने :

मतदान तथा मतगणना सम्बन्धी कसूर

- मतदानको अधिकार बिना मतदान गर्न नहुने :
- पटक पटक मतदान गर्न नहुने :
- मत सङ्केत सार्वजनिक गर्न नहुने :
- मतदानको प्रक्रिया उल्लङ्घन गर्न नहुने :
- मतपत्र बाहेक मतपेटिकाभित्र अन्य वस्तु खसाल्न वा राख्न नहुने :
- मतदान भएको मतपत्र बिगार्न वा नष्ट गर्न नहुने :
- मतदान गर्न बाधा गर्न नहुने :
- गैर नेपाली नागरिकले मतदान गर्न नहुने :
- मतगणनास्थलमा अनधिकृत रुपमा प्रवेश गर्न नहुने :
- मतगणना सम्बन्धी सामग्री बिगार्न वा नोक्सान गर्न नहुने :
- गलत ढङ्गले मतगणना गर्न नहुने
- हातहतियार साथमा लिएर हिँड्न वा प्रयोग गर्न नहुने :
- शान्ति भङ्ग गर्न नहुने :

निर्वाचनमा प्रभाव पार्ने सम्बन्धी कसूर

- प्रभाव पार्न नहुने: निर्वाचनको सिलसिलामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले कुनै उम्मेदवार वा मतदाता वा निजहरुमध्ये कसैको सरोकार वा स्वार्थ भएको कुनै

व्यक्ति वा निर्वाचन अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीलाई कुनै किसिमको प्रभाव पार्न हुँदैन

- नगद वा जिन्सी दिन वा लिन नहुने :

निर्वाचन प्रचारप्रसारसम्बन्धी कसूर

- प्रचारप्रसार गर्न नहुने :

(क) नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानमा आँच पुऱ्याउने वा खलल पार्ने,

(ख) जनतामा निहित सार्वभौमसत्ता र राजकीय सत्ता वा प्रतिस्पर्धात्मक बहुदलीय सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा आँच पुऱ्याउने वा खलल पार्ने,

(ग) कुनै धर्म, जात जाति, वर्ग, क्षेत्र वा सम्प्रदायबीचको सुसम्बन्धमा खलल पुऱ्याउने वा हिंसात्मक कार्य गर्न दुरुत्साहन गर्ने वा भाषा, धर्म, समुदाय वा क्षेत्रीयताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने ।

- चरित्र हनन गर्न नहुने :

- निर्वाचनको प्रचारप्रसारमा गर्न नहुने अन्य कार्य :

(१) कसैले पनि निर्वाचनको प्रचारप्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्लेछाप्न वा छपाउन वा प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजीभवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँस्न वा टाँस्न लगाउन वा लेख्न वा लेख्न लगाउन हुँदैन ।

(३) निर्वाचन सम्बन्धी प्रचारप्रसारको लागि उपदफा (१) बमोजिम पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न लगाउने राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गर्न हुँदैन ।

(४) निर्वाचनको प्रचारप्रसार गर्ने उद्देश्यलेगरिने सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गर्न हुँदैन ।

(५) कसैले पनि मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गर्न वा गराउन हुँदैन ।

(६) उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचारप्रसार गर्न हुँदैन ।

- अनुचित ढङ्गलेसवारी साधनको प्रयोग गर्न नहुने :

- सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गर्न नहुने :

निर्वाचन प्रचारप्रसारको आय-व्यय सम्बन्धी कसूर


- आर्थिक सहयोग लिन नहुने : राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारमा प्रचलित सङ्घीय कानून विपरित हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिन हुँदैन ।
- अन्य व्यक्तिबाट खर्च गराउन नहुने : राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाउन हुँदैन ।
- आयोगले तोकेको हदभन्दा बढी खर्च गर्न नहुने :
- निषेधित कार्यको लागि आर्थिक सहयोग लिन वा खर्च गर्न नहुने :
- निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण बुझाउनु पर्ने :

अन्य कसूर

- गलत लिखतलाई मान्यता दिन नहुने :
- पदीय जिम्मेवारीबाट पन्छिन नहुने
- निर्वाचनको गोपनीयता भङ्ग गर्न नहुने :
- निर्वाचनमा प्रतिकूल असर पर्ने अन्य कार्य गर्न नहुने :
- उद्योग, मद्दत वा दुरुत्साहन गर्न नहुने :

**निर्वाचन कसूर पिरामिड**

निर्वाचनपूर्व, निर्वाचनको अवधि र निर्वाचनपश्चात् घट्ने निर्वाचनसँग सम्बन्धित घटनाहरूको प्रकृतिअनुसार देहायको पिरामिडलाई आधार मानी विश्लेषण गर्न सकिन्छ। यसरी घटनाहरूको वर्गिकृत गरी विश्लेषण गर्नाले तिनीहरूको असर र प्रभावलाई आकलन गरी समूहकृत गर्न मद्दत पुग्दछ ।



# सत्र योजना (Session Plan)

**तालीमको नाम : निर्वाचन विवाद निरुपण** **सत्र : चौथो**

**सत्रको विषय : निर्वाचन विवाद निरुपण संयन्त्र** **समय : १ घण्टा ३० मिनट**

**सत्रको उद्देश्य : यस शत्रको अन्तमा सहभागीहरु देहया कुराहरु गर्न सक्षम हुनेछन ।**

क) नेपालमा निर्वाचन विवाद निरुपणको संयन्त्र बताउन

ख) कस्ता प्रकार का उजुरी कुन संयन्त्रमा गरिनु पर्दछ भन्ने छलफल गर्ने

| विषय बस्तु | | क्रियाकलाप | विधि/ तरीका | सामाग्री | समय |
|---|---|---|---|---|---|
| मुख्य शिर्षक | उपशिर्षक | | | | |
| **क. सिक्ने वातावरण को सृजना** | | निर्धारित घटना अध्ययन गर्नका लागि ४/५ जना सहभागि रहने गरी समुह निर्माण गर्ने । | प्रश्न उत्तर | सेतो पाटी वोर्ड मार्कर | ५ मिनट |
| **ख. विषय वस्तुमा प्रवेश** | | निर्धारित घटना अध्ययन हरेक समुहलाई एक एक वटा उपलब्ध गराउने र यसमा सामुहिक छफल गरी प्रस्तुतीका लागि तयारी गर्न अनुरोध गर्ने । | लघु प्रवचन | | ५ मिनट |
| **ग. विस्तृत क्रियाकलाप** | | | | | |
| **अ. घटना अध्ययन** | | निर्धारित घटना अध्ययन गर्नका लागि ४/५ जना सहभागि रहने गरी समुह निर्माण गर्ने । यन हरेक समुहलाई एक एक वटा उपलब्ध गराउने र यसमा सामुहिक छफल गरी प्रस्तुतीका लागि तयारी गर्न अनुरोध गर्ने । | घटना अध्ययन | वोर्ड मार्कर, परमनेण्ट मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | २० मिनट |
| | | समुह कार्यको प्रस्तुती तथा छलफल | प्रस्तुती | न्युजप्रिण्ट, मास्किंग टेप ल्यापटप, प्रोजेक्टर | ३० मिनट |
| **आ. विवाद निरुपण संयन्त्र,** | | सहजकर्ता आफुले तयार गरेको पावर प्वइण्टको माध्यमबाट नेपालमा निर्वाचन विवाद निरुपण संयन्त्र सम्बन्धमा विस्तृत छलफल गर्ने । | लघु प्रवचन | सेतो पाटी, वोर्ड मार्कर, परमनेण्ट मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | २० मिनट |

| | | | | | |
|---|---|---|---|---|---|
| **घ. संक्षेपीकरण** | | निर्वाचन विवाद निरुपण संयन्त्र सम्बन्धमा संक्षेप बताउने | प्रवचन | | ५ मिनट |
| **ङ. मूल्याङ्कन :** | | सहभागिहरुको बुझाई मापन गर्न देहायका प्रश्न गर्ने<br>क) हाम्रो सन्दर्भमा निर्वाचन विवाद निरुपण संयन्त्र कस्तो रहेको छ ?<br>सहभागिहरुमा केही जिज्ञासा भए राख्न अवसर दिने र नभए धन्यवाद दिई सत्र समापन गर्ने | प्रश्न उत्तर | | ५ मिनट |

सत्र पछि सहजकर्ताको निष्कर्ष :


सहजकर्ताको नाम : मितिः

# ४. निर्वाचन विवाद निरुपण संयन्त्र


नेपालको सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन कसुर तथ सजाय ऐन, २०७३ तथा विभिन्न तहको निर्वाचन सम्बन्धी ऐनले मतदाता नामावली संकलन र दर्ता तथा निर्वाचनको समयमा निर्वाचन विवाद, हिंसा र कसुर हुन सक्ने बिषयलाई मनन गरी यस्तो अवस्थामा हुन सक्ने विवादको सुनुवाई गर्ने विभिन्न संयन्त्रको व्यवस्था गरेको छ ।

निर्वाचनमा न्यायिक संयन्त्र

**अदालत**




**निर्वाचन आयोग नेपाल र मातहत**




निर्वाचन विवादका सन्दर्भमा अदालतले न्यायिक निरुपण गर्दछ भने निर्वाचन अयोगले अर्धन्यायिक निकायको रुपमा विवाद निरुपणको कार्य गर्ने कानुनी व्यवस्था रहेको छ । यसै सन्दर्भमा यहाँ अदालती संयन्त्रमा भन्दा पनि निर्वाचन आयोग मातहत रहने विवाद सुनुवाईको संयन्त्रका सम्बन्धमा बिषय बस्तुलाई बढी केन्द्रित गरिएको छ ।

**निर्वाचन आयोग र यस मातहतमा रहने निर्वाचन विवाद निरुपण संयन्त्र**

**निर्वाचन अयोग**

- अयोगले सुनुवाई गर्ने : ऐनले निर्वाचन अयोगले सुनुवाई गर्ने भनि तोकि दिए असनुसारको बिषयमा अन्तिम निर्णय आयोगले गर्ने छ ।
- निर्वाचन विवाद निरुपण समिति : निर्वाचनको सञ्चालन, रेखदेख, निर्देशन र नियन्त्रणको क्रममा आई पर्ने उजुरी सम्बन्धमा कारबाही गर्न तथा निर्वाचन विवाद निरुपण गर्न देहाय बमोजिमको एक निर्वाचन विवाद निरुपण समिति रहनेछ :-

  (क) निर्वाचन आयुक्त (सम्बन्धित बिषय हेर्ने) - संयोजक

  (ख) सचिव, निर्वाचन आयोग - सदस्य

  (ग) सचिब, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय - सदस्य

  (घ) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय - सदस्य

  (ङ) सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा, निर्वाचन आयोग- सदस्य

  (च) सहसचिव, निर्वाचन व्यवस्थापन महाशाखा, निर्वाचन आयोग- सदस्य

  (छ) उपसचिव, ऐन, नियम तथा फैसला कार्यान्वयन शाखा, निर्वाचन आयोग- सदस्य

  (ज) आयोगले तोकेको निर्वाचन विज्ञहरुमध्येबाट एक जना महिला सहित बढीमा तीन जना - सदस्य

  (झ) उपन्यायाधिवक्ता, राजनीतिक दल व्यवस्थापन शाखा, निर्वाचन आयोग- सदस्य सचिव

- (समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।
- समितिले उजुरी सम्बन्धी कारबाही तथा निर्वाचन विवाद निरुपणका सन्दर्भमा सहयोगका लागि आवश्यकता अनुसार निर्वाचन विवाद निरुपण उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।
- समिति तथा उपसमिति वा कार्यदलको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी र अन्य व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ ।
- समिति तथा उपसमिति वा कार्यदलको निर्णय सम्बन्धित समिति, उपसमिति वा कार्यदलको संयोजकले प्रमाणित गर्नेछ ।
- समिति तथा उपसमिति वा कार्यदलको बैठक सम्बन्धी अन्य कार्यविधि त्यस्तो समिति, उपसमिति वा कार्यदल आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।
- समितिको सदस्य सचिव संयुक्त निर्वाचन सञ्चालन समिति (JEOC) को सदस्यको रुपमा रहनेछ ।
- समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

  (क) आयोगको क्षेत्राधिकार भित्रका उजुरी वा निर्वाचन विवादका सन्दर्भमा जाँचबुझ तथा छानबिन गर्ने वा गराउने,

  (ख) खण्ड (क) बमोजिमको जाँचबुझ र छानबिनको आधारमा आयोगसमक्ष पेश गर्नुपर्ने देखिएका विषयमा आफ्नो राय सहितको सिफारिस पेश गर्ने,

  (ग) उजुरी तथा निर्वाचन विवाद निरुपणको सन्दर्भमा मतदान अधिकृत वा निर्वाचन अधिकृत वा अनुगमनकर्ताले माग गरेको विषयमा आवश्यक निर्देशन दिने,

  (घ) मतदान अधिकृत वा निर्वाचन अधिकृत वा अनुगमनकर्ताबाट आयोगको अधिकार क्षेत्रमा पर्ने भनि पेश भएका विवादहरु उपर आवश्यक जाँचबुझ तथा छानबिन गरी निर्णयका लागि सिफारिस सहित आयोग समक्ष पेश गर्ने,

(ङ) उजुरी तथा निर्वाचन विवाद निरुपणका सम्बन्धमा आयोगले तोके बमोजिमको अन्य कार्य गर्ने ।

- समितिले जाँचबुझ तथा छानविन गर्ने बिषयः ऐनले निर्वाचन अयोगले सुनुवाई गर्ने भनि तोकि दिए असनुसारको अनुसूचि १ बमोजिमको बिषय सम्बन्धमा समितिले जाँचबुझ तथा छानविन गरी अन्तिम निर्णयको लागि सिफारिस सहित आयोगमा पेश गर्नु पर्नेछ ।

**निर्वाचन अधिकृत/ अनुगमन कर्ता**

- निर्वाचन अधिकृतले सुनुवाई गर्ने : ऐनले निर्वाचन अधिकृतले सुनुवाई गर्ने भनि तोकि दिएको अनुसूचि २ बमोजिमको विवाद निर्वाचन अधिकृतले सुनुवाई गर्नेछ ।
    - ऐनले अनुगमन कर्ताले सुनुवाई गर्ने गरी तोकेको उपदफा (१) बमोजिमको विवाद अनुगमन कर्ताले सुनुवाई गर्नेछ ।
    - निर्वाचन अधिकृत समक्ष प्राप्त उजुरी आफुले समाधान गर्न नमिल्लने भए तत्काल समिति समक्ष पेश गर्नु पर्नेछ ।

**अनुगमन कर्ता**

- अनुगमनकर्ताले सुनुवाई गर्ने : ऐनले अनुगमनकर्ताले सुनुवाई गर्ने भनि तोकि दिएको अनुसूचि ३ बमोजिमको विवाद अनुगमनकर्ताले सुनुवाई गर्नेछ ।
    - अनुगमनकर्ता समक्ष प्राप्त उजुरी आफुले समाधान गर्न नमिल्लने भए तत्काल समिति समक्ष पेश गर्नु पर्नेछ ।
- निर्वाचनको समयमा निर्वाचन आयोगले खटाउने अनुगमनकर्ताले बिशेषत निर्वाचन आचारसंहिताको अनुगमन गर्ने र सो उपरको उजुरीमा सुनुवाई गर्ने गर्दछ । तथापी यो अधिकार निर्वाचन अधिकृतमा समेत रहने भएकोले निर्वाचन अधिकृतले सुनुवाई गर्ने केही बिषय जस्तै उम्मेदवारको अयोग्यताको बिषय र मतगणना सम्बन्धमा उत्पन्त विवाद बाहेकका अन्य विवादको सुनुवाईको अधिकार अनुगमनकर्तामा समेत रहेको हुन्छ ।

**मतदान अधिकृत**

- मतदान अधिकृतले सुनुवाई गर्नेः (१) ऐनले मतदान अधिकृतले सुनुवाई गर्ने भनि तोकि दिएको अनुसूचि ३ बमोजिमको विवाद मतदान अधिकृतले सुनुवाई गर्नेछ ।
    - मतदान अधिकृत समक्ष प्राप्त उजुरी आफुले समाधान गर्न नमिल्लने भए तत्काल निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

**नामदर्ता अधिकारी/जिल्ला निर्वाचन अधिकारी**

- मतदाता नामावली सम्बन्धी विवादः (१) ऐन बमोजिम मतदाता नामावली सम्बन्धी विवाद भनि तोकिएका अनुसूचि ४ बमोजिमको विवाद प्रमुख नाम दर्ता अधिकारी वा नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी वा अनुसन्धान अधिकारीले सुनुवाई र दायरी गर्नेछ ।
- प्रमुख नाम दर्ता अधिकारी वा नाम दर्ता अधिकारी वा सहायक नाम दर्ता अधिकारी वा अनुसन्धान अधिकारी समक्ष प्राप्त उजुरी आफुले समाधान गर्न नमिल्लने भए तत्काल आयोग समक्ष पेश गर्नु पर्नेछ ।

# घटना अध्ययनका लागि केही नमुना घटनाहरु

## घटना १

स्थानीय तहको निर्वाचन हुनका लागि उम्मेदवार मनोनयनको कार्य सम्पन्न भई उम्मेदवारहरुको अन्तिम नामावली समेत प्रकाशन भई सकेको छ। सहरपुर जिल्लाको उपल्ले नगरपालिकामा गुँरास पाटीको तर्फबाट सीता खत्रीले मेयर पदमा उम्मेदवारी दिएकी छन उनको प्रमुख प्रतिष्पर्धिको रुपमा उर्मिला घलानले पनि मेयर पदमा नै उम्मेदवारी दिएकी छन्। उर्मिला स्थानीय रुपमा एक प्रतिष्ठित व्यापारि र सामाजिक व्यक्तित्वको रुपमा उपल्ले नगरमा परिचित छन् र यो निर्वाचनमा उनले नै मेयर पदमा बिजय हासिल गर्ने सुनिश्चित रहेको स्थानीयहरुको दावि छ। सीताले पनि आफ्नो एक मात्र प्रतिष्पर्धिको रुपमा उर्मिलालाई लिएकी छन्। यसै क्रममा सीताले कुनै स्रोतबाट थाहा पाउँछिन उर्मिलाले धेरै बर्ष अघि बैंकसँग लिएको ऋण नतिरेको कारण उनको नाम कालो सूचीमा रहेको छ। यसै आधारमा सीताले उर्मिला मेयर पदको उम्मेदवारको लागि अयोग्य रहेको भनि अनुगमनकर्ता समक्ष उजुरी दर्ता गर्दछिन।

**छलफलको बिषय**

१. यो विवादको उजुरी अनुगमनकर्ताले लिन मिल्ने हो होइन ?
२. यो विवादको सुनुवाई गर्ने अधिकार क्षेत्र कुन निकायमा रहेको छ ?

## घटना २

धोक्रे जिल्लाको ३ को १ नं. क्षेत्रमा हुन गई रहेको प्रदेश सभा सदस्य निवार्चनका लागि उटपट्यांग प्रसाद पनि उम्मेदवारको रुपमा रहेका छन्। उटपट्यांग प्रसाद लामो समय स्थानीय एक गैर सरकारी संस्थामा कार्यरत रहेका व्यक्ति हुन। उनले आफु कार्यरत रहेको गैर सरकारी संस्थाको तीन वटा सवारी साधन आफ्नो चुनावी अभियानका लागि प्रयोग गर्दै गरेको बिषयमा निर्वाचन अनुगमनकर्ता समक्ष उजुरी प्राप्त हुन आएको छ।

**छलफलको बिषय**

१. यो विवादको उजुरी अनुगमनकर्ताले लिन मिल्ने हो होइन ?
२. यो विवादको सुनुवाई गर्ने अधिकार क्षेत्र कुन निकायमा रहेको छ ?

## घटना ३

राष्ट्रिय सभा सदस्यको निर्वाचनमा अकलराज पनि लसुने प्रदेशबाट उम्मेदवार बनेका छन्। निर्वाचन नजिकिदै गर्दा लसुने प्रदेशको विकट जिल्लामा अकल राजको प्रचार प्रसार गर्नका लागि धेरै संख्यामा पर्चाहरु वितरण गरिएको छ। यसरी वितरण गरिएको पर्चामा उम्मेदवारको नाम उल्लेख गरिएको छ तर उक्त पर्चा के कसले मुद्रण गरेको हो भन्ने उल्लेख छैन। यसै सन्दर्भमा विकट जिल्ला समन्वय समितिले उक्त पर्चाहरु छपाई गरी दिएको र सो कुरा खुल्ने डरले मुद्रण गर्ने निकाय पर्चामा उल्लेख नगरिएको भन्ने हल्ला चलेको छ। यसै प्रदेशका अर्का उम्मेदवार सलक प्रसाद जसले अकल राजलाई प्रमुख प्रतिष्पर्धिको रुपमा लिन्छन कुनै वहानामा अकलराजलाई पछि पार्न सकिने उपाय खोजि रहेका सलक प्रसादलाई यो राम्रै मसला हो भन्ने लाग्छ र उनी निर्वाचन अधिकृतको कार्यालयमा उजुरी दर्ता गर्न आएका छन्।

**छलफलको बिषय**

१. यो विवादको उजुरी निर्वाचन अधिकृतले दर्ता गर्न मिल्ने हो होइन ?
२. यो विवादको सुनुवाई गर्ने अधिकार क्षेत्र कुन निकायमा रहेको छ ?

## घटना ४

मतगणनाको कार्य चलि रहेको थियो कुनै एक मतपत्र सदर वा वदर भन्ने विवाद उत्पन्न भई विवाद चुलिदै गयो यसै सन्दर्भमा रुपक पाटिका कार्यकर्ताले निर्वाचन अधिकृतले सरल पाटिको पक्षमा हुने गरी मतगणना गरेका भनि आरोप प्रत्यारोप हुन थाल्यो । विवाद यति चुलिदै गयो की रुपक पाटिले औपचारीक रुपमा नै निर्वाचन अधिकृत समक्ष उजुरी दियो तर निर्वाचन अधिकृतले सामान्य बिषयमा विवाद नगरौ भन्दै मतगणनाको कार्य निरन्तर रुपमा सञ्चालन गर्न लागे यसै बखत रुपक पाटिका प्रतिनिधि गणना स्थल छाडी वाहिरिए र जिल्ला निर्वाचन अधिकारी कहाँ उजुरी दिई सो को वोधार्थ अनुगमनकर्तालाई समेत दिए ।

**छलफलको बिषय**

१. यो विवादको उजुरी जिल्ला निर्वाचन अधिकारी लिन मिल्ने हो होइन ?
२. यो विवादको सुनुवाई गर्ने अधिकार क्षेत्र कुन निकायमा रहेको छ ?

## घटना ५

हुक्के गाउँपालिकाको मतदानको कार्य भई रहेको छ । यसै क्रममा दिन ३.०० बजेको समयमा जटायु पाटी प्रतिनिधि आफ्नो दलको औपचारी पत्र सहित निर्वाचन आयोग, काठमाण्डौमा उजुरीको गर्नका लागि आएको भनि प्रवेश गर्दछन । साथै आफ्नो उजुरी निर्वाचन आयोगमा दर्ता गराउँदछन ।

उनको उजुरीमा हुक्के गाउँपालिकाको वडा नं. ३ र ५ मा आफ्नो दलको पकड रहेको छ । यी वडा नं. ३ बाट मतदान केन्द्रमा आउने दुई वटा बाटाहरु तथा वडा नं. ५ का तीन वटा बाटाहरुको गौडामा केही अपरिचत मानिसहरुले अवरोध सृजना गरी त्यहाँका अधिकांश मतदाताहरुलाई मतदान केन्द्र सम्म आउनबाट रोकी राखेको साथै कुनै सञ्चार साधन समेत प्रयोग गर्न नदिएको अवस्था रहेको छ । यो खवर पाटीको केन्द्रिय कार्यालयमा प्राप्त भई सो सम्बन्धमा बुझ्दा सरनराज भन्ने स्थानीय व्यापारि जो अध्यक्षका उम्मेदवार पनि हुन उनले अर्कै जिल्लाबाट ल्याएका मानिसले उनको पक्षमा मतदान नगर्ने जति सबैलाई मतदान गर्नबाट रोक लगाउन यसो गरेको भन्ने बुझिएकोले उक्त वडाको मतदानको कार्य रद्द गरी पुन मतदान गर्न माग गरिएको छ ।

**छलफलको बिषय**

१. यो विवादको उजुरी निर्वाचन आयोगले दर्ता गर्न मिल्ने हो होइन ?
२. यो विवादको सुनुवाई गर्ने अधिकार क्षेत्र कुन निकायमा रहेको छ ?

## घटना ६

स्थानीय तहको निर्वाचन घोषण भई आज मतदानको दिन हो । खरपु जिल्लाको थरपु गाउँपालिकामा मतदनको कार्य चलि रहेको थियो मतदानको कार्य सम्पन्न हुन अब केही वेर २५ मिनट जति मात्र बाँकी रहेको छ । यसै वेला यस अघि उक्त स्थानमा नदेखिएका दुई जना व्यक्ति मतदानको लागि आउँछन र दुबैले मतदान गर्दछन । एक जनाले मतपत्र मतपेटिकामा खसाई सकेको र अर्को व्यक्तिले मतपत्र खसाउन लाग्दा कुनै एक राजनतिक दलका प्रतिनिधिले यि व्यक्तिहरु गैर नेपाली नागरिक भएको र निजलाई मतदान गर्न दिनु गैर कानुनी भएकोले रोक लगाउन मतदान अधिकृत समक्ष तत्कालै मौखिक उजुरी गरी पछि लिखित उजुरी दर्ता गर्दछन ।

**छलफलको बिषय**

१. यो विवादको उजुरी मतदान अधिकृतले दर्ता गर्न मिल्ने हो होइन ?
२. यो विवादको सुनुवाई गर्ने अधिकार क्षेत्र कुन निकायमा रहेको छ ?

## सत्र योजना (Session Plan)

**तालीमको नाम : निर्वाचन विवाद निरुपण** **सत्र : पाँचौ**

**सत्रको विषय : विवादका बिषयहरु तथा सनुवाईको अधिकार क्षेत्र** **समय : १ घण्टा ३० मिनट**

**सत्रको उद्देश्य : यस शत्रको अन्तमा सहभागीहरु देहया कुराहरु गर्न सक्षम हुनेछन ।**

क) निर्वाचन अधिकृतले सुनुवाई गर्ने कुनै १० वटा बिषयहरु वताउन

ख) निर्वाचन अधिकृतले सुनुवाई गर्ने निर्वाचन विवाद, हिंसा र कसुरहरु बताउन

ग) निर्वाचन/मतदान अधिकृतको अधिकार क्षेत्र उल्लेख गर्न

| विषय बस्तु | | क्रियाकलाप | विधि/ तरीका | सामाग्री | समय |
|---|---|---|---|---|---|
| मुख्य शिर्षक | उपशिर्षक | | | | |
| **क. सिक्ने वातावरण को सृजना** | | सहभागिहरुलाई निर्वाचनका समयमा निर्वाचन/मतदान अधिकृतको अधिकार क्षेत्र भित्र पर्ने कुनै तीनवटा बिषयहरु के के होलान भनि प्रश्न गर्ने सके सम्म सबै सहभागिहरुलाई जवाफ दिन भन्ने र आएका उत्तर हरु सेतो पाटीमा टिप्दै जाने | प्रश्न उत्तर | सेतो पाटी वोर्ड मार्कर | ५ मिनट |
| **ख. विषय वस्तुमा प्रवेश** | | सहभागिहरुबाट आएका विभिन्न बिचारहरु मध्ये निर्वाचन/मतदान अधिकृतको अधिकार क्षेत्र भित्र पर्ने बिषयहरुलाई जोड दिदै हामी यस सत्रमा निर्वाचन/मतदान अधिकृतको अधिकार क्षेत्र भित्र पर्ने बिषयमा छलफल गर्दैछौ भन्ने जानकारी दिदै सत्रमा प्रवेश गर्ने | लघु प्रवचन | | ५ मिनट |
| **ग. विस्तृत क्रियाकलाप** | | | | | |
| **अ. निर्वाचचन विवाद, हिंसा र कसुर** | | सहभागिहरुलाई ५/५ जनाको चार समुह (१, २, ३ र ४) मा विभाजन गर्ने यसरी विभाजन गरिएको समुहलाई १ र २ तथा ३ र ४ लाई दुई स्थानमा अलग अलग बस्न अनुरोध गर्ने, समुह १ लाई सानो गोलो घेरा बनाई बस्न लगाउने र समुह २ लाई समुह १ को वरी परी गोलो घेराले घेरेर बस्न लगाउने त्यसै गरी मुह ३ लाई सानो गोलो घेरा बनाई बस्न लगाउने र समुह ४ लाई समुह ३ को वरी परी गोलो घेराले घेरेर बस्न लगाउन यहाँ दुईवटा समुहमा छलफल हुने भएकोले दुई जना सहजकर्ताले सहजिकरण गर्नु पर्दछ । भित्र रहेको समुहलाई निर्वाचन/मतदान | फिस बोल विधि | सेतो पाटी, वोर्ड मार्कर, परमनेण्ट मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | ३० मिनट (१० मिनट छलफल कार्य, १० मिनट तयारी प्रस्तुती र छलफल १० मिनट) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | अधिकृतको अधिकार क्षेत्र भित्र पर्ने बिषयमा छलफल गरी नोट गर्न लगाउने भने बाहिर हुने समुहलाई छलफलको अवलोकन गरी पृष्ठपोषण टिपोट गर्न लगाउने यसका लागि ५ मिनटको समय दिने अब अर्को चरणमा पहिले भित्र बसेर छलफल गर्ने समुहलाई बाहिर ल्याउने र बाहिर रहेको समुहलाई भित्र राखि साविककै प्रक्रियामा छलफल गर्न लगाउने यसका लागि ५ मिनटको समय उपलब्ध गराउने । छलफल सकिए पछि आ-आफ्नो छलफलबाट आएको निष्कर्ष तथा पृष्ठ पोषण न्युजप्रिण्टमा लेखि समुहको तर्फबाट प्रस्तुत गर्न लगाउने यसरी प्रस्तु गर्दा हरेक समुहको प्रस्तुतिमा अन्य समुहको पृष्ठपोषण लिने दिने अवसर प्रदान गर्ने । सहजकर्ताको केहि पृष्ठपोषण भए सो समेत छलफल गर्ने गराउने । | | | |
| | | सहजकर्ताले आफुले तयार गरेको पावर प्वइण्ट प्रस्तु गरी निर्वाचन अधिकृत/मतदान अधिकृतको अधिकार क्षेत्रको बिषयमा स्पष्ट पार्ने | लघु प्रवचन | ल्यापटप, प्रोजेक्टर | १० मिनट |
| **घ. संक्षेपीकरण** | | निर्वाचन अधिकृत/मतदान अधिकृतको अधिकार क्षेत्रको सम्बन्धमा संक्षेप बताउने | प्रवचन | | ५ मिनट |
| **ङ. मूल्याङ्कन :** | | सहभागिहरुको बुझाई मापन गर्न देहायका प्रश्न गर्ने<br>क) निर्वाचन/मतदान अधिकृतले सुनुवाई गर्ने कुनै १० वटा बिषयहरु के होलान<br>ख) निर्वाचन/मतदान अधिकृतले सुनुवाई गर्ने निर्वाचन विवाद, हिंसा र कसुरहरु के के होलान<br>सहभागिहरुमा केही जिज्ञासा भए राख्न अवसर दिने र नभए धन्यवाद दिई सत्र समापन गर्ने | प्रश्न उत्तर | | ५ मिनट |

सत्र पछि सहजकर्ताको निष्कर्ष :

सहजकर्ताको नाम : मितिः

**निर्वाचन आयोगले सुनुवाई गर्नु पर्ने बिषयहरु**

| क्र.सं | कानुन | बिषय | दण्ड सजाय |
|---|---|---|---|
| १ | निर्वाचन आयोग ऐन, २०७३ दफा ९ | उम्मेदवारको अयोग्यता सम्बन्धमा | अयोग्य भएको प्रमाणित भएमा उम्मेदवारी बदर हुने तर उजुरी परेको कारणले मात्र निर्वाचनको कार्यक्रममा प्रभाव नपर्ने |
| २ | निर्वाचन आयोग ऐन, २०७३ दफा १० | निर्वाचनको कुनै काम वा मतदानको कामको निष्पक्षता र स्वतन्त्रतामा असर पुऱ्याउने काम भएको भनी परेको उजुरी वा सो सम्बन्धी जाँचबुझ प्रतिवेदनको आधारमा सम्बन्धित मतदान केन्द्रको मतदानको काम रद्द गर्ने सम्बन्धमा | यस्तो कार्य भएको ठहर भएमा मतदानको काम रद्द हुने |
| ३ | निर्वाचन आयोग ऐन, २०७३ दफा ४३ | निर्वाचनको काममा खटिएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कुनै कर्मचारी, सुरक्षाकर्मी, विश्वविद्यालय वा सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीले निर्वाचनको स्वतन्त्रता, स्वच्छता र निष्पक्षतामा आँच आउने कुनै काम गरेमा त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निर्वाचन सम्बन्धी निजको जिम्मेवारीबाट हटाउने र त्यस्तो कर्मचारी, सुरक्षाकर्मी वा शिक्षकलाई निलम्बन गर्नु पर्ने भएमा तत्काल निलम्बन गर्ने वा सम्बन्धित अख्तियारवाला समक्ष निलम्बनको लागि सिफारिस गर्ने सम्बन्धमा | सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |
| ४ | निर्वाचन आयोग ऐन, २०७३ दफा ४४ | निर्वाचनको काममा नियुक्त गरिएका, खटाइएका वा तोकिएका वा आयोगको निर्देशन , निर्देशन पालना गर्नु पर्ने कर्तव्य भएका कुनै निजामती कर्मचारी, सुरक्षाकर्मी वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तहको कर्मचारी वा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारको अनुदानमा सञ्चालित संस्थाको कर्मचारीले कामको सिलसिलामा प्रचलित कानून, निर्देशन वा निर्देशनको जानी-जानी उल्लङ्घन हुने गरी वा बदनियतले कुनै काम गरेमा वा निर्वाचनको निष्पक्षतामा असर पर्ने काम गरेमा आयोगले त्यस्तो कर्मचारी, सुरक्षाकर्मी उपर निजको सेवा शर्त सम्बन्धी प्रचलित कानूनबमोजिम अख्तियारवालाको अधिकार प्रयोग गरी कानून बमोजिम विभागीय कारबाही गर्ने वा सो बाहेकका अन्य कर्मचारी वा पदाधिकारीलाई निजको सेवा शर्त सम्बन्धी प्रचलित कानूनबमोजिम | सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |

| | | | |
|---|---|---|---|
| | | विभागीय कारबाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धम | |
| ५ | निर्वाचन आयोग ऐन, २०७३ दफा ४९ | आयोगले जारी गरेको निर्देशन उल्लङ्घन गर्ने सरकारी, अर्धसरकारी निकाय वा संस्था, निजी क्षेत्र वा गैरसरकारी संस्था, राजनीतिक दल तथा त्यसका पदाधिकारी, मतदाता, उम्मेदवार र निजको प्रतिनिधि, निर्वाचनको प्रचार-प्रसार तथा अनुगमनमा संलग्न व्यक्ति र आयोगले तोकेको संस्था वा व्यक्तिलाई एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने सम्बन्धमा | एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्ने |
| ६ | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा १४ | दोहोरो उम्मेदवारी दिएको व्यक्तिको उम्मेदवारी बदर गर्ने सम्बन्धमा | ठहर भएमा उम्मेदवारी बदर हुने |
| ७ | प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २९ को उपदफा (४) र (५) | योग्यता नपुगेको व्यक्तिको नाम उम्मेदवारको बन्दसूचीबाट हटाउने सम्बन्धमा | ठहर भएमा उम्मेदवारको नाम बन्दसूचीबाट हटाइने |
| ८ | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६ को उपदफा (४), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ३१ को उपदफा (४) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २६ को उपदफा (५) | दलको उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गरी सकेपछि त्यस्तो उम्मेदवारले आफ्नो दल त्याग गरेमा वा अर्को दलमा प्रवेश गरेमा र त्यस्तो उम्मेदवार निर्वाचित भई सम्बन्धित दलले प्रमाण सहित उजुरी दिएमा निजको सदस्यता खारेज गर्ने सम्बन्धमा | ठहर भएमा सदस्यता खारेज हुने |

| | | | |
|---|---|---|---|
| ९ | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१ को उपदफा (३) प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४६ को उपदफा (३), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ को उपदफा (३) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४३ को उपदफा (३) | मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने सम्बन्धमा | पुष्टि भएमा मतदानको कार्य रद्द हुने |
| १० | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४९, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५० र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, | मतगणना पुरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र, मतपत्र रहेको मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा वा खोलिएमा वा नोक्सान गरिएमा वा तोडफोड गरिएमा वा हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य स्थगित गरी आयोगलाई प्रतिवेदन दिएकोमा त्यस्तो घटनाको जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा आयोगले त्यस्तो मतदान केन्द्रको मतदान अवैध घोषणा गर्ने र पुन: मतदान गर्ने मिति र समय तोक्न निर्देशन दिने सम्बन्धमा | पुष्टि भएमा मतगणनाको कार्य रद्द हुने र सम्बन्धित मतदान केन्द्रमा पुन मतदान हुने |

| | | | |
|---|---|---|---|
| | २०७५ को दफा ५२ | | |
| ११ | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५१ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५३ | मतगणना स्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई दिएकोमा त्यस्तो घटनाको जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा सो कब्जाबाट असर परेको मतदान केन्द्रहरुको सम्पूर्ण मतपत्र अवैध घोषणा गरी मतदान रद्द गर्ने सम्बन्धमा | पुष्टि भएमा मतगणनाको कार्य रद्द हुने र सम्बन्धित मतदान केन्द्रमा पुन मतदान हुने |
| १२ | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१ को खण्ड (ड), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५६ को खण्ड (ठ), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५२ को खण्ड (ठ) र राष्ट्रिय सभा सदस्य निर्वाचन | बदर हुने मतपत्र तोक्ने सम्बन्धमा | |

| | | | |
|---|---|---|---|
| | ऐन, २०७५ को दफा ५४ को खण्ड (ठ) | | |
| १३ | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६९, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ७८, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ६७ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ७१ | कुनै निर्वाचन अधिकृतले संविधान, निर्वाचन सम्बन्धी कानून र आयोगले दिएको निर्देशन विपरित कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्ने वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने सम्बन्धमा | सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |
| **निर्वाचन कसुर** | | | |
| **क्र.सं.** | **कानुन** | **बिषय** | **दण्ड सजाय** |
| १४ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा १७ | निर्वाचन अधिकृत वा मतगणनामा संलग्न कुनै कर्मचारीले कुनै मत सदर मत हो भन्ने विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मत गणना नगरेमा वा कुनै मत सदर मत होईन भनी विश्वास गर्न सकिने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो मत गणना गरेमा | त्यस्तो कर्मचारीको हकमा निजको सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |
| १५ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (१) | निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छापेमा छपाएमा वा प्रयोग गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १६ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (२) | निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँसेमा वा टाँस्न लगाएमा वा लेखेमा वा लेख्न लगाएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना हुने |

| | | | |
|---|---|---|---|
| १७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (३) | निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न लगाउनु पर्नेछ राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १८ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा(४) | निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले गरिने सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (५) | मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाएमा वा आयोजना गरेमा, जुलुस निकालेमा वा नाराबाजी गरेमा तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २० | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (६) | उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २१ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा ८ | राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएकोमा सम्बन्धित अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न निर्देशन दिएकोमा त्यस्तो निर्देशन को पालना नगरेमा | २५ हजारमा थप २५ हजार रुपैयाँ सम्म जरिवाना गरी त्यस्तो सामग्री हटाउँदा लागेको खर्च समेत असुल उपर गर्न सक्ने |
| २२ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा (१) | निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २३ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा (२) | निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २४ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा (३) | कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी र्‍याली गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |

| | | | |
|---|---|---|---|
| २५ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा ५ | निर्वाचनको प्रचार प्रसारको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिलाई प्रयोग गर्न दिएमा | विभागीय कारबाही हुने |
| २६ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २६ को उपदफा (१) | निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा सार्वजनिक पद धारण गरेका व्यक्ति वा अन्य कुनै व्यक्तिले सरकारी कर्मचारी तथा सार्वजनिक सम्पत्तिको प्रयोग गरे वा गराएमा | ५० हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २६ को उपदफा (४) | कुनै अधिकारीले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्थाको सम्पत्ति निर्वाचन प्रचार प्रसारको लागि प्रयोग गर्न दिएमा | विभागीय कारबाही हुने |
| २८ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २७ को उपदफा (१) | कुनै राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिले निर्वाचन प्रचार प्रसारमा प्रचलित सङ्घीय कानून विपरीत हुने गरी सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिएमा वा गैरसरकारी संस्थाले त्यस्तो आर्थिक सहयोग दिएमा | १ लाख रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २७ को उपदफा (३) | सरकारी वा सार्वजनिक निकायको सम्बन्धित अधिकारीले निर्वाचन प्रचार प्रसारको लागि आर्थिक सहयोग दिएमा | विभागीय कारबाही हुने |
| ३० | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २७ को उपदफा (४) | राजनीतिक दल, उम्मेदवार वा व्यक्तिले सरकारी वा सार्वजनिक निकाय वा गैरसरकारी संघ संस्थाबाट कुनै पनि प्रकारको आर्थिक सहयोग लिने राजनीतिक दल, उम्मेदवार वा निर्वाचन प्रतिनिधिलाई त्यस्तो रकम फिर्ता गर्न आयोगले दिएको निर्देशन पालना नगरेमा | त्यस्तो रकम सरकारी बाँकी सरह असुल उपर गरी सोही बराबरको रकम जरिवना हुने |
| ३१ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २८ | राजनीतिक दल वा उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्ने बाहेक निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| ३२ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २९ | राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम तोकिएको निर्वाचन खर्चको हदभन्दा बढी खर्च गरे वा गराएमा | त्यसरी भएको खर्च बराबरको रकम जरिवाना गर्न सक्ने |
| ३३ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३० | कुनै राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसार अभियानमा ऐन वा निर्वाचन सम्बन्धी प्रचलित सङ्घीय कानून वा निर्वाचन आचार संहिताले निषेध गरेको काम कारबाही गर्न वा गराउनका लागि कुनै | गरेको आम्दानी वा खर्च बराबरको रकम जनिरवाना गर्न सक्ने यसरी गरेको जरिवाना ६ महिना सम्म |

| | | | |
|---|---|---|---|
| | | प्रकारले आर्थिक सहयोग लिएमा वा त्यस्तो काम कारबाहीको लागि खर्च गरे वा गराएमा | नबुझाउनेलाई बढीमा ६ बर्ष सम्म कुने पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न सक्ने |
| ३४ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३१ को उपदफा (१) | राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोकेको कार्यालयमा नबुझाए | निर्वाचन सम्बन्धी संघीय कानुन बमोजिम जरिवाना गर्न सक्ने खर्च बराबरको रकम वा ५ लाख जुन बढी हुन्छ सो बराबरको जरिवना गर्न सक्ने( निर्वाचन आयोग ऐन, २०७३ दफा २६ उपदफा २ |
| ३५ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३१ को उपदफा (२) | राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचार प्रसारमा भएको आम्दानी र खर्चको विवरण आयोगले तोके बमोजिम सार्वजनिक नगरेमा | निर्वाचन सम्बन्धी संघीय कानुन बमोजिम जरिवाना गर्न सक्ने खर्च बराबरको रकम वा ५ लाख जुन बढी हुन्छ सो बराबरको जरिवना गर्न सक्ने( निर्वाचन आयोग ऐन, २०७३ दफा २६ उपदफा २ |
| ३६ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३१ को उपदफा (४) | समयभित्र निर्वाचन खर्चको विवरण सार्वजनिक नगर्ने राजनीतिक दल वा उम्मेदवारलाई आयोगले मनासिब समय तोकी त्यस्तो विवरण सार्वजनिक गर्न दिएको निर्देशन पालना नगरेमा | १५ हजार रुपैया जरिवाना तोकि सार्वजनिक गर्न आदेश दिन सक्ने |
| ३७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३२ | निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारीले कुनै लिखत, कागजात, अभिलेख वा विवरण झुट्टा हो भन्ने मनासिब आधार र कारण हुँदाहुँदै त्यस्तो लिखत, कागजात वा अभिलेखलाई कानून बमोजिमको प्रयोजनका लागि मान्यता दिएमा | सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |
| ३८ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३३ | निर्वाचन अधिकृत, मतदान अधिकृत वा निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी वा आयोगबाट खटाइएको अनुगमनकर्ता आफ्नो पदीय जिम्मेवारीबाट पन्छिएमा | सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |

| | | | |
|---|---|---|---|
| ३९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३४ को उपदफा (१) | निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी, अनुगमनकर्ता, सुरक्षाकर्मी र कानून बमोजिम निर्वाचनको कुनै काममा खटिएको, प्रतिनिधित्व गरिरहेको वा सघाउ पुऱ्याइरहेको कुनै व्यक्तिले निर्वाचनको कामको सन्दर्भमा आफूलाई प्राप्त जानकारी कानून बमोजिमको अवस्थामा बाहेक अन्य कुनै व्यक्तिलाई दिएमा, अभिव्यक्त गरेमा वा प्रकट गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने तर कर्मचारीको हकमा सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |
| ४० | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३४ को उपदफा (२) | निर्वाचन अधिकृत, मतदान अधिकृत, निर्वाचनमा संलग्न कर्मचारी वा सुरक्षाकर्मी, अनुगमनकर्ता वा आयोगले निर्वाचनमा खटाएको पर्यवेक्षक वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि वा मतदाता वा अन्य व्यक्तिले कुनै मतदाताले मत दिएको वा नदिएको वा कुनै उम्मेदवारलाई मत दिएको वा कसले कति मत पाएको वा मतपत्रमा मतदाता चिनिने गरी कुनै पनि किसिमको सङ्केत वा चिन्ह रहेको वा अन्य कुनै कुराहरु कसैलाई भनी, लेखी वा कुनै किसिमले प्रकाशन गरी प्रकट गरेमा वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने तर कर्मचारीको हकमा सेवा शर्त सम्बन्धी कानुन बमोजिम कारबाही हुने |
| ४१ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३५ | निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| ४२ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३६ | उद्योग गरेमा वा त्यस्तो कसूर गर्न मद्दत वा दुरुत्साहन गरेमा | कसुरदारलाई हुने सजायको आधा सजाय हुने |
| ४३ | मतदाता नामावली ऐन, २०७३ को दफा २६ | झुट्टा विवरणका आधारमा मतदाता नामावली तयार भई अन्तिम मतदाता नामावली प्रकाशन भएको कुरा प्रमाणबाट स्पष्ट देखिन आएमा आयोगले त्यस्तो मतदाता नामावली रद्द गर्ने सम्बन्धमा | मतदाता नामावली रद्द हुने |

**निर्वाचन अधिकृतले सुनुवाई गर्नु पर्ने बिषयहरु**

| क्र.सं | बिषय | कानुन | दण्ड सजाय |
|---|---|---|---|
| १ | उम्मेदवारको योग्यता सम्बन्धी | निर्वाचन आयोग ऐन, २०७३ दफा ९, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १९, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २१, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १३ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा १३ बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा प्रश्न उठेमा त्यस्तो उम्मेदवारलाई स्पष्टीकरण माग गरी निर्णयको लागि कागजात सहित आयोगमा पठाउनु पर्नेछ । | अयोग्य भएको प्रमाणित भएमा उम्मेदवारी बदर हुने तर उजुरी परेको कारणले मात्र निर्वाचनको कार्यक्रममा प्रभाव नपर्ने |
| २ | मनोनयन पत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्ने | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २० उपदफा (३), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २२ को उपदफा (३), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा १९ को उपदफा (४) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २० को उपदफा (३) | |
| ३ | उम्मेदवारको मनोनयनपत्र बदर गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २१, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा २३, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा २० र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २१ | पुष्टि भएमा मनोनयन बदर हुने |
| ४ | निर्वाचन चिन्ह वितरण सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा २६, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ३१ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा २६ | |
| ५ | मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएकोमा मतदान रद्द गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३९, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४२ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४४ | |
| ६ | विशेष परिस्थितिमा मतदानको काम हुन नसक्ने कुरामा विश्वस्त भएमा मतदान | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४०, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३७ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३९ | |

| | | | |
|---|---|---|---|
| | कार्य तत्काल स्थगित गरी आयोगलाई जानकारी दिने सम्बन्धमा | | |
| ७ | मतदान केन्द्रको अनधिकृत कब्जा भएकोमा मतदान अधिकृतले दिएको प्रतिवेदन समेतको आधारमा आयोगलाई प्रतिवेदन दिने र आयोगको निर्देशन अनुसार त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्ने सम्बन्धम | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४६, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४३ | |
| ८ | मतदान केन्द्रको अनधिकृत कब्जा भएमा, मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई वा उपद्रव, प्राकृतिक विपत्ति वा काबुबाहिरको कुनै कारणले मतदानको काम सुचारु हुन नसकी मतदान स्थगित भएकोमा उक्त मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोक्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३९, ४० र ४१ | |
| ९ | मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४९, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५४, राष्ट्रपति तथा | |

| | | | |
|---|---|---|---|
| | मतगणनाको काम स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा | उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५० र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५२ | |
| १० | मतगणनास्थलको अनधिकृत कब्जा भएकोमा मतगणनाको कार्य तत्काल स्थगित गरी आयोगलाई प्रतिवेदन दिने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५०, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५१ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५३ | |
| ११ | मतपत्र बदर गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५१, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५६, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५२ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ का दफा ५४ | |
| १२ | दोहोऱ्याई मतगणना गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५२, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५७, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५३ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५५ | |
| १३ | मत बराबर भएकोमा गोला हाली निर्णय गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ५९, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ५७ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ५८ | |

# निर्वाचन कसुर

| क्र.सं. | कानुन | बिषय | दण्ड सजाय |
|---|---|---|---|
| १४ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३ को उपदफा (१) | झुट्टा विवरण वा कागजात संलग्न गरी मनोनयन पत्र पेश गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |

| | | | |
|---|---|---|---|
| १५ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ४ को उपदफा (३) | मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेमा । | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १६ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ४ को उपदफा (४) | निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा हटाएमा वा त्यस्तो कागजात च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान गरेमा, नष्ट गरेमा वा गराएमा । | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा १५ | उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेमा । | १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १८ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (१) | निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले आयोगले तोकेको आकार र रङ्गको सामान्य पर्चा वितरण गर्न बाहेक कुनै प्रकारको पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले छापेमा छपाएमा वा प्रयोग गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा (२) | निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि कुनै पनि धार्मिक, पुरातात्विक, ऐतिहासिक, सरकारी, सार्वजनिक वा निजी भवन, स्मारक, पर्खाल वा बनोटमा कुनै पर्चा टाँसेमा वा टाँस्न लगाएमा वा लेखेमा वा लेख्न लगाएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २० | निर्वाचन कसुर तथा सजाय ऐनको दफ २४ को उपदफा (३) | निर्वाचन सम्बन्धी प्रचार प्रसारको लागि पर्चा तयार गर्दा मुद्रण गर्ने छापाखानाको तथा मुद्रण गर्न लगाउनु पर्नेछ । राजनीतिक दल वा व्यक्तिको नाम र ठेगाना उल्लेख नगरी तयार गरेमा, | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २१ | निर्वाचन कसुर तथा सजाय ऐनको दफ २४ को उपदफा(४) | निर्वाचनको प्रचार प्रसार गर्ने उद्देश्यले गरिने सभा वा भेलामा वा त्यस्तो सभा वा भेलाको लागि सूचना प्रवाह गर्ने प्रयोजनका लागि बाहेक अन्यत्र साउण्ड सिस्टमको प्रयोग गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २२ | निर्वाचन कसुर तथा सजाय ऐनको दफ २४ को उपदफा (५) | मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतगणनाको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाएमा वा आयोजना गरेमा, जुलुस निकालेमा वा नाराबाजी गरेमा तथा अन्य कुनै पनि प्रकारले प्रचार प्रसार गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २३ | निर्वाचन कसुर तथा सजाय ऐनको दफ २४ को उपदफा (६) | उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगको मर्यादामा प्रतिकूल असर पुग्ने गरी प्रचार प्रसार गरेमा । | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |

| | | | |
|---|---|---|---|
| २४ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २४ को उपदफा ८ | राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरे वा गराएकोमा सम्बन्धित अधिकारीले त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जफत गरी त्यस्तो पर्चा, पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको स्थानलाई दुरुस्त बनाई राख्न निर्देशन दिएकोमा त्यस्तो निर्देशन को पालना नगरेमा । | २५ हजारमा थप २५ हजार रुपैयाँ सम्म जरिवाना गरी हटाउन लागेको खर्च असुल उपर गर्न सक्ने |
| २५ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा (१) | निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले आयोगले तोकेको सङ्ख्याभन्दा बढी र आयोग वा निर्वाचन अधिकृतले अनुमति दिएको बाहेक अन्य सवारी साधन प्रयोग गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २६ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा (२) | निर्वाचनको प्रचार प्रसारको सिलसिलामा कुनै राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व भएको संस्था वा कुनै शिक्षण संस्था वा गैरसरकारी संस्थाको सवारी साधन प्रयोग गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २५ को उपदफा (३) | कुनै पनि राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिले निर्वाचन प्रचार प्रसारको सिलसिलामा कुनै सवारी साधनको प्रयोग गरी ऱ्याली गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २८ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा २८ | राजनीतिक दल वा उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि मार्फत खर्च गर्ने बाहेक निर्वाचन प्रचार प्रसारमा खर्च गर्दा अन्य व्यक्तिलाई खर्च गर्न लगाएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३६ | निर्वाचन सम्बन्धी कसुर हुने कार्य गर्न उद्योग, मद्दत वा दुरुत्साहन गरेमा | कसुरदारलाई हुने सजायको आधार सजाह हुने |

## मतदान अधिकृतले सुनुवाई गर्ने बिषयहरु

| क्र.सं | बिषय | कानुन | दण्ड सजाय |
|---|---|---|---|
| १ | नाम ढाँटी मतदान गर्न आएको सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३५, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४०, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३६ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३८ | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २ | हातहतियार लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्न नदिने सम्बन्धम | हातहतियार लिइ वा मादक पदार्थ सेवन गरी मतदान केन्द्रमा प्रवेश गर्न नहुने : (१) स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३६ को उपदफा (२), प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४१ को उपदफा (२), राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३८ को उपदफा (२) र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४० को उपदफा (२) | |
| ३ | मतपेटिका नोक्सान भएमा वा तोडफोड भएमा निर्वाचन अधिकृतलाई प्रतिवेदन गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ३९, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४४, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४२ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४४ | |
| ४ | विशेष परिस्थितिमा मतदान स्थगित गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४०, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ४५, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ३७ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ३९ | |
| ५ | मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान स्थगित गर्ने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ४१, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा ४६, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा ४१ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ४३ | |
| ६ | निविदा मतपत्र दिने सम्बन्धमा | स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६१, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ तथा प्रदेश सभा सदस्य निर्वाचन ऐन, २०७४ दफा ६९, राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४ को दफा | |

| | | | |
|---|---|---|---|
| | | ६१ र राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६२ | |

# निर्वाचन कसुर

| क्र.सं. | कानुन | बिषय | दण्ड सजाय |
|---|---|---|---|
| ७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ४ को उपदफा (३) | मतदान अधिकृतको स्वीकृति बिना निर्वाचनमा प्रयोग गरिने वा गरिएको मतपत्र, मतपेटिका वा अन्य सामग्री निर्वाचनमा प्रयोग हुन नदिन मतदान केन्द्रबाट बाहिर वा अन्यत्र कतै लगेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| ८ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ४ को उपदफा (४) | निर्वाचनमा संलग्न कर्मचारीले टाँसेको वा टाँस्न लगाएको निर्वाचन सम्बन्धी कुनै विवरण, सूचना, सूची वा अन्य कुनै कागजातमा कुनै व्यहोरा थपेमा, केरमेट गरेमा, सच्याएमा वा हटाएमा वा त्यस्तो कागजात च्यातेमा वा कुनै किसिमले बिगारेमा, नोक्सान गरेमा, नष्ट गरेमा वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| ९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ५ को उपदफा (४) | आधिकारिक छाप वा चिन्ह लागेको मतपत्र मतदान नगरी आफूसँग राखेमा वा मतदान केन्द्र बाहिर लगेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १० | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ७ को उपदफा (१) | मत दिन पाउने अधिकार बिना निर्वाचनमा मतदान गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| ११ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ७ को उपदफा (२) | अर्को मतदाताको नामको मतपत्र बुझिलिएमा वा अर्काको नामबाट मतदान गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १२ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ८ | एउटै निर्वाचनमा एकभन्दा बढी पटक मतदान गरेमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १३ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ९ | मतपत्रमा मत सङ्केत गरी सकेपछि त्यस्तो मतपत्र कसैलाई देखाएमा, प्रदर्शन गरेमा, गोप्य मत सङ्केत स्थलमा मत सङ्केत नगरी त्यसभन्दा बाहिर गई मत सङ्केत गरेमा वा मत सङ्केत गरेको व्यहोरा कुनै प्रकारले सार्वजनिक गरेमा | १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने तर मत पत्र मतपेटिकामा खसाली नसकेको भए जफत हुने |
| १४ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा १० | मतदान गर्दा मतदान सम्बन्धी प्रचलित सङ्घीय कानून वा आयोगले तोकेको प्रक्रिया उल्लङ्घन गरेमा | १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |

| | | | |
|---|---|---|---|
| १५ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ११ | मतपत्र बाहेक अन्य कुनै वस्तु मतपेटिकाभित्र खसाले वा राखेमा | १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १६ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा १३ | मतदातालाई मतदान स्थलमा प्रवेश गर्न नदिन गौँडा वा बाटा छेकेमा वा मतदान केन्द्रमा मतदान गर्न कुनै किसिमले बाधा अवरोध गरे वा गराएमा | २५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १७ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा १५ | उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि वा आयोगबाट अनुमति प्राप्त व्यक्ति बाहेक अन्य कुनै पनि व्यक्ति मतगणना स्थलमा प्रवेश गरेमा | १५ हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| १९ | निर्वाचन कसुर तथा सजाय ऐनको दफा १९ | मतदान प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरीको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा साउण्ड सिस्टम, एसएमएस, सामाजिक सञ्जाल वा यस्तै कुनै साधन प्रयोग गर्न वा बाजा, नाचगान, सार्वजनिक भोज, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गरेमा वा हुलहुज्जत वा होहल्ला गरी शान्ति भङ्ग गरेमा वा भय, त्रास सिर्जना गरेमा वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गरी भय त्रास सिर्जना गरे वा गराएमा | ५० हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्ने |
| २० | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३५ | निर्वाचन सम्बन्धी कार्यमा प्रतिकूल असर पर्ने अन्य कुनै किसिमको कार्य गरे वा गराएमा | ५० हजार रुपैयाँ सम्म जरिवाना गर्न सक्न |
| | निर्वाचन कसुर तथा सजाय ऐनको दफा ३६ | निर्वाचन सम्बन्धी कसुर हुने कार्य गर्न उद्योग, मद्दत वा दुरुत्साहन गरेमा | कसुरदारलाई हुने सजायको आधार सजाह हुने |

# सत्र योजना (Session Plan)

**तालीमको नाम : निर्वाचन विवाद निरुपण** **सत्र : पाँचौ र छैठौ**

**सत्रको विषय : निर्वाचन विवाद सनुवाई गर्दा अपानाउनु पर्ने कार्यविधि** **समय : २ घण्टा (२ वटा सत्र)**

---

**सत्रको उद्देश्य : यस शत्रको अन्तमा सहभागीहरु देहया कुराहरु गर्न सक्षम हुनेछन ।**

क) विवदाको सुनुवाई गर्दा अपनाउनु पर्ने कार्यविधि माथि छलफल गर्न


| विषय बस्तु | | क्रियाकलाप | विधि/ तरीका | सामाग्री | समय |
|---|---|---|---|---|---|
| मुख्य शिर्षक | उपशिर्षक | | | | |
| **क. सिक्ने वातावरण को सृजना** | | निर्वाचनको समयमा कसैले गैरकानुनी कार्य गरेको भनि जिल्ला निर्वाचन कार्यालयमा निवेदन वा उजुरी पर्न आयो यस सन्दभैमा निर्वाचन विवाद निरुपणका लागि हामीले अहिले सम्म गरेको अभ्यास के हो ? हामीले गरेको अभ्यास कतिको प्रभावकारी छ ? भनि प्रश्न गर्ने सके सम्म सबै सहभागिहरुलाई जवाफ दिन भन्ने र आएका उत्तर हरु सेतो पाटीमा टिप्दै जाने | प्रश्न उत्तर | सेतो पाटी वोर्ड मार्कर | १० मिनट |
| **ख. विषय वस्तुमा प्रवेश** | | सहभागिहरुबाट आएका विभिन्न बिचारहरु मध्ये वर्तमानमा रहेको निर्वाचन विवाद निरुपण कार्यविधिले गरेको व्यवस्थासँग मिल्दो जुल्दो प्रक्रियामा जोड दिदै हामी यस सत्रमा निर्वाचन विवाद निरुपणको कार्यविधि बिषयमा छलफल गर्दैछौ भन्ने जानकारी दिदै सत्रमा प्रवेश गर्ने । | लघु प्रवचन | | ५ मिनट |
| **ग. विस्तृत क्रियाकलाप** | | | | | |
| **अ. निर्वाचचन विवाद, हिंसा र कसुर** | | प्रत्येक सहभागिलाई निर्वाचन/मतदान अधिकृतले विवादको सुनुवाई गर्दा छुटाउनै नहुने कुनै ५/५ वटा कार्यविधि आफ्नो डायरीमा लेख्न लगाउने सबैले लेखि सके पछि नजिकको साथीसँग दुई जनाले लेखेको बिषय छलफल गर्न लगाई मिलेको जति एक मात्र र नमिलेको सबै एक जनाको डायरीमा लेख्न लगाउने त्यसपछि पुन एक समुह र अर्को समुहले तयार गरेको बिषयमा छलफल गरी पहिले जसरी नै मिलेको र नमिलेको सबै लेख्न लगाउने यो क्रम सहभागिहरु दुई वटा | हिउँ ढिके विधि (स्नोवी लंग) | सेतो पाटी, वोर्ड मार्कर, परमनेण्ट मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | ४५ मिनट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | समुहमा विभाजित नभए सम्म सञ्चालन गर्ने र दुई समुहमा विभाजित भए पछि लेखिएका बुँदाहरु न्युजप्रिण्टमा लेख्न लगाई दुबै समुहलाई प्रस्तुत गर्न लगाउने । | | | |
| | **निर्वाचन विवाद** | निर्वाचन/ मतदान अधिकृतले विवादको सुनुवाई गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा आफुले तयार गरेको पावर पइण्ट प्रस्तुत गर्दै थप स्पष्ट पार्ने | लघु प्रवचन | ल्यापटप, प्रोजेक्टर | ४५ मिनट |
| **घ. संक्षेपीकरण** | | निर्वाचन विवाद निरुपणमा अपानाउनु पर्ने सामान्य कार्यविधि र विशेष कार्यविधिगत प्रक्रिया संक्षेप बताउने | प्रवचन | | ५ मिनट |
| **ङ. मूल्याङ्कन :** | | सहभागिहरुको बुझाई मापन गर्न देहायका प्रश्न गर्ने<br>क) निर्वाचन विवाद निरुपणका लागि क्रमबद्ध रुपमा अपनाउनु कार्यविधि के के होलान ?<br>सहभागिहरुमा केही जिज्ञासा भए राख्न अवसर दिने र नभए धन्यवाद दिई सत्र समापन गर्ने | प्रश्न उत्तर | | १० मिनट |


सत्र पछि सहजकर्ताको निष्कर्ष :

सहजकर्ताको नाम : मितिः

# मतदान अधिकृतले विवादको सुनुवाईगर्दा अपनाउनु पर्ने कार्यविधि



# निर्वाचन अधिकृतले विवादको सुनुवाईगर्दा अपनाउनु पर्ने कार्यविधि



# निर्वाचन विवादको उजुरी, दर्ता तथा सुनुवाई सम्बन्धी कार्यविधि

- उजुरी दिनु पर्ने : निर्वाचन विवाद सम्बन्धी उजुरी दिन चाहने व्यक्तिले अनुसूची-५ बमोजिमको ढाँचामा उजुरी दिनु पर्नेछ ।
  - उजुरी दिँदा सो को आधार, कारण र प्रमाण समेत संलग्न राखि निर्वाचन सम्बन्धी संघीय ऐनले तोकेको अवधि भित्रै उजुरी दिनु पर्ने छ ।
- उजुरी दर्ता गर्नु पर्नेः प्राप्त उजुरी मतदान अधिकृतले अनुसूची ६ 'क', निर्वाचन अधिकृतले अनुसूची ६ 'ख' र निर्वाचन विवाद निरुपण समिति वा निर्वाचन आयोगले अनुसूची ६ 'ग' बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ ।
  - अनुगमनकर्ता तथा निर्वाचन अधिकारी समक्ष प्राप्त उजुरी जुन निर्वाचन अधिकृतको क्षेत्राधिकार भित्रको हो सोही निर्वाचन अधिकृतको कार्यालयमा रहेको अनुसूची ६ 'ख' बमाजिमको दर्ता कितावमा दर्ता गर्नु पर्नेछ ।
  - दर्ता किताब एक प्रति अभिलेखको लागि र अर्को प्रति आयोगमा प्रतिवेदन गर्ने प्रयोजनका लागि गरी दुई प्रति तयार गर्नु पर्नेछ ।
- *विवाद निरुपणका लागि सुनुवाई गर्दा अपनाउनु पर्ने कार्यविधि : निर्वाचन विवादको उजुरी अनुसूची-५ बमोजिमको ढाँचामा लिखित रुपमा लिनु पर्ने छ ।*
  - *तरः त्यस्तो उजुरी मौखिक वा टेलिफोन मार्फत प्राप्त भएको वा कुनै माध्यमबाट सम्बन्धित अधिकारको जानकारीमा आएकोमा यसरी प्राप्त उजुरी सम्बन्धित अधिकारीले लिखितरुपमा अभिलेख गरी कारवाही अघि बढाउनु पर्नेछ ।*
  - *पर्न आएको उजुरी दफा अनुसूची-६ बमोजिमको दर्ता कितावमा दर्ता गर्नु पर्नेछ ।*
  - *जसको विरुद्धमा उजुरी परेको हो निजसँग आवश्यक जाँचबुझका लागि तत्काल लिखित जवाफ पेश गर्नका लागि अनुसुचि ७ बमोजिमको ढाँचामा लेखि पठाउनु पर्नेछ ।*
  - *लिखित जवाफ अनुसूची ८ बमोजिमको ढाँचामा लिनु पर्नेछ ।*
  - *तर, तोकिएको ढाँचामा लिखित जवाफ प्राप्त नभएकोमा सम्बन्धित अधिकारीले तोकिएको ढाँचामा तयार गरी मिशिल संलग्न राख्नु पर्नेछ ।*
  - *लिखित जवाफ माग गर्दा मतदान अधिकृतले तत्काल पेश गर्ने गरी, निर्वाचन अधिकृत तथा अनुगमन कर्ताले कसूर र विवादको प्रकृति हेरी कानूनमा तोकिएको अवधि भित्र पेश गर्ने गरी र निर्वाचन विवाद निरुपण समिति वा निर्वाचन आयोगले कसूर र विवादको प्रकृति हेरी बढीमा तीन (३) दिन भित्र पेश गर्ने गरी म्याद दिनु पर्नेछ ।*
  - *म्याद भित्रै लिखित जवाफ प्राप्त भएमा वा अवधि भित्र प्राप्त नभएमा सम्बन्धित अधिकारी (मतदान अधिकृत, निर्वाचन अधिकृत, अनुगमनकर्ता, निर्वाचन विवाद निरुपण समिति तथा निर्वाचन आयोग) ले कारवाही अघि बढाउनु पर्नेछ ।*
  - *तत्काल प्राप्त प्रमाणका आधारमा उजुरी जाँचबुझ गरी दर्ता कितावमा प्रारम्भिक कारवाहीको व्यहोरा उल्लेख गर्नु पर्नेछ ।*
  - *जाँचबुझ गर्दा थप प्रमाण कागज बुझ्नु पर्ने देखिएमा सम्बन्धित पक्षसँग आवश्यक प्रमाण कागज माग गर्न सकिनेछ ।*
  - *कागज प्रमाणबाट अपराधजन्य कार्य गरे गराएको देखिन आएमा त्यस्तो कार्य गर्ने गराउने व्यक्तिलाई तत्काल अनुसूची ९ बमोजिमको पक्राउ पुर्जि जारी गरी पक्राउ गर्न सुरक्षाकर्मी परिचालन गर्नु पर्नेछ ।*
  - *उजुरकर्ता र विपक्षि बिचमा मतदान अधिकृतले मतदान स्थलमा उपलब्ध रहेका मतदान प्रतिनिधिहरुको रोहवरमा र अन्यको हकमा सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध निर्वाचन प्रतिनिधिको रोहवरमा छलफल गराउनु पर्नेछ ।*
  - *तरः समिति वा निर्वाचन आयोगले केन्द्रिय स्तरमा आवश्यक प्रमाण कागज बुझि अन्तिम निर्णय गर्न यसले बाधा पुर्‍याएको मानिने छैन ।*

- *छलफल पछि अन्तिम निर्णय गर्नु पर्नेछ सो निर्णय अनुसूची १० मा अभिलेखिकरण गर्नु पर्नेछ र निर्णयको संक्षिप्त व्यहोरा दर्ता किताको अन्तिम निर्णय भन्ने महलमा उल्लेख गर्नु पर्नेछ ।*
- *जरिबाना गर्ने निर्णय गर्दा प्रचलित कानूनको उल्लङ्घन हुने गरी के कस्तो काम कारबाही वा कसूर भएको हो सो कुरा निर्णयमा खुलाउनु पर्ने छ ।*
- *निर्णयको जानकारी कसूरदारलाई तत्काल दिई निजबाट जरिबाना दाखिला गर्न लगाउनु पर्नेछ ।*
- *जरिबाना दाखिला गरेपछि त्यस्तो जरिबाना रकम बुझिलिई तत्काल सम्बन्धित व्यक्तिलाई अनुसूची ११ बमोजिमको रसिद दिनु पर्नेछ ।*
- *जरिवाना हुने ठहर भई जरिवाना माग गरिएकोमा जरिवाना तत्काल भुक्तान नगरे कैदमा राख्न सम्बन्धित प्रहरी कार्यालयमा अनुसूची १२ बमोजिमको ढाँचामा लेखि पठाउनु पर्ने छ ।*
- *निर्णयको व्यहोरा पक्ष विपक्षलाई अनुसूची १३ बमोजिमको ढाँचामा लिखित रुपमा जानकारी दिनु पर्ने छ र एक प्रति सूचना पाटीमा टाँस गरी सो को मुचुल्का तयार गर्नु पर्नेछ ।*
- *निर्णय उपर चित्त नबुझेमा अनुसूची १३ बमोजिमको ढाँचामा सम्बन्धित उच्च अदालतमा १५ दिन भित्र पुनरावेदन गर्न पुनरावेदनको म्याद लिखित रुपमा दिनु पर्नेछ ।*
- *प्रकोप वा दुर्घटना वा आक्रमणबाट कुनै विवाद उत्पन्न भएमा तत्काल सम्बन्धित अधिकारीलाई प्रतिवेदन गरी सुनुवाईको प्रक्रिया अघि बढाउनु पर्नेछ ।*
- *प्रचलित सङ्घीय कानुन बमोजिम एक भन्दा बढी निकाय वा अधिकारीमा सुनुवाईको अधिकारक्षेत्र रहेको अवस्थामा जुन निकायमा निवेदन पर्न आएको छ सोही निकायले सुनुवाई गर्नु पर्नेछ । सो बिषयको जानकारी तत्कालै आयोगलाई दिनु पर्नेछ ।*
- *तर, यस सम्बन्धमा विवाद भएमा पहिला जुन निकाय वा अधिकारी समक्ष निवेदन परेको हो सो निवेदन कायम गरी सुनुवाई गर्नु पर्ने छ । अन्य निकायमा परेको निवेदन स्वतह निष्क्रिय हुनेछ ।*

मतदान अधिकृतले अपनाउनु पर्ने थप कार्यविधि : कसैले पनि अर्काको नाम आफ्नो हो भनी नाम ढाँटी मतदान गरेको बिषयमा सामान्य कार्यविधिको अतिरिक्त देहायको कार्यविधि अपनाई सुनुवाई गर्नु पर्नेछ ।

- उजुरी दर्ता गर्दा रु.१००। धरौटी लिई दर्ता गर्नु पर्ने छ ।
- लिइएको धरौटी उजुरी सहि भएमा उजुरकर्तालाई नै फिर्ता दिनु पर्नेछ तर गलत देखिएमा आम्दानी बाँधी राजश्व खातामा जम्मा गर्नु पर्नेछ ।

निर्वाचन अधिकृतले अपनाउनु पर्ने थप कार्यविधि : निर्वाचन अधिकृतले विवाद निरुपणको लागि सुनुवाई गर्दा सामान्य कार्यविधिका अतिरिक्त देहायको कार्यविधि अपनाई गर्नु पर्नेछ ।

- निर्वाचन क्रियाकलापमा बाधा पुर्‍याउने मनसायले हुलदंगा वा आक्रमण गरेमा यस्तो कार्यमा संलग्न व्यक्तिलाई तत्काल नियन्त्रणमा लिन सुरक्षाकर्मी परिचालन गर्नु पर्नेछ ।
- नियन्त्रणमा लिइएको व्यक्तिलाई कानुन बमोजिम कारवाहीका लागि अनुसन्धान अधिकृत समक्ष पेश गर्न लगाउनु पर्नेछ ।
- उम्मेदवारको अयोग्यता सम्बन्धी बिषयमा स्पष्टिकरण पेश गरेमा वा म्याद गुजारेमा सम्पुर्ण कागजात सहित तिन दिन भित्र निर्णयका लागि आयोगमा पठाउनु पर्नेछ ।
- पेश भएमा आयोगबाट निर्णय सहित प्राप्त भए वा निर्वाचन अधिकृतबाट नै निर्णय हुनकालागि फिर्ता आएमा आफैले सुनुवाई गर्नु पर्नेछ ।
- मनोनयन पत्र सम्बन्धी कारबाही स्थगित भएकोमा आयोगबाट प्राप्त निर्देशन बमोजिम तत्कालै अर्को मिति तय गरी सो को सूचना मनोनयन पत्र जाँच स्थलमा टाँस गर्नु पर्नेछ ।
- उम्मेदवारको मनोनयनपत्र बदर गर्ने बिषयमा उजुरी नै नपरेको तर जाँचबुझको क्रममा कुनै मनोनयन पत्र बदर हुने देखिएमा मनोनयनकर्तालाई निर्धारित समय भित्र लिखित जवाफ पेश गर्न लगाउनु पर्नेछ ।
- कुनै भवितव्य परि मतपेटिका नोक्सान भए वा तोडफोड भएको भनि मतदान अधिकृतबाट सूचना प्राप्त भएको अवस्थामा तत्काल निर्वाचन आयोगलाई सूचना दिनु पर्नेछ ।

- काबुबाहिरको कुनै कारणले मतदानको काम सुचारु हुन नसकेको अवस्थामा तत्काल निर्वाचन आयोगलाई छिटो माध्यमबाट सूचना दिनु पर्नेछ ।
- मतदान स्थगित भएकोमा आयोगबाट प्राप्त निर्देशन बमोजिम तत्कालै पुनः मतदान हुने मिति र समयको सूचना टाँस गर्नु पर्नेछ ।
- मतगणनाको क्रममा मतदान स्थलबाट प्राप्त खसेको मतको संख्या र मतपेटिकामा रहेको मतपत्रको संख्या सम्बन्धी विवाद भएमा मतपेटिकामा रहेको संख्यालाई खसेको मत मानि निर्णय गर्नु पर्नेछ ।
  - तर, कुनै मतदान केन्द्रको कुल मतदाता संख्या भन्दा बढी मतपत्र मतपेटिकामा रहेको भेटिएमा अमान्य हुनेछ ।
- मत बरार भएकोमा एउटामा निर्वाचित लेख्ने र अन्यमा शुन्य (०) लेखी गोला तयार गर्नु पर्नेछ ।
  - लेखीएको अंक नदेखिने र कुनै पहिचान नखुल्ने गरी गोला पट्याई सबैले देख्ने स्थानमा राखी मत बराबर भएका उम्मेदवारहरुलाई एक एक वटा टिप्न लगाउनु पर्नेछ ।
  - निर्वाचित लेखीएको गोला प्राप्त गर्ने उम्मेदवारलाई एक मत बढी पाएको मानि विजयी भएको घोषणा गर्नु पर्नेछ ।
  - गोलाद्धारा बिजयी घोषणा भएको मुचुल्कामा मतगणना प्रतिनिधिको दस्तखत गराई निर्वाचन अधिकृतले प्रमाणीत गरी राख्नु पर्नेछ ।

समितिले जाँचबुझ तथा छानबिन गर्दा अपनाउनु पर्ने थप कार्यविधि :समितिले विवादको जाँचबुझ तथा छानबिन गर्दा सामान्य कार्यविधिका अतिरिक्त देहाय बमोजिमको कार्यविधि अपनाई गर्नु पर्नेछ ।

- उम्मेदवारको अयोग्यता सम्बन्धमा आयोगलाई निर्वाचन अधिकृतबाट प्राप्त वा आयोगमा पेश भएको निवेदन आवश्यक जाँचबुझ गरी सिफारिस गर्न समितिमा तत्काल पेश गर्नु पर्नेछ ।
- प्राप्त निवेदन उपर समितिले जाँचबुझ तथा छाविन गरी निवेदन परेको मितिले सात दिन भित्र सिफारिस सहित आयोगमा पेश गर्नु पर्नेछ ।
- आयोगमा पेश भएकोमा आयोगलाई थप जाँचबुझ गर्नु पर्ने लागेमा आवश्यक जाँचबुझ गरी आयोगलाई प्राप्त भएको मितिले तीन दिन भित्र निर्णय गर्नु पर्नेछ ।
- समिति समक्ष पेश हुन आएका अन्य बिषयमा पेश भएको मितिले चार दिन भित्र जाँचबुझ कार्य सम्पन्न गरी निर्णयका लागि सिफारिस सहित आयोगमा पेश गर्नु पर्नेछ ।
- आयोगलाई थप जाँचबुझ गर्नु पर्ने लागेमा आवश्यक जाँचबुझ गरी आयोगलाई प्राप्त भएको मितिले तीन दिन भित्र निर्णय गर्नु पर्नेछ ।
- विवादका बिषयमा भएको निर्णय तत्काल सम्बन्धित अधिकारीलाई जानकारी दिनु पर्नेछ ।
- मतगणनास्थलको अनधिकृत कब्जा भएको उजुरी प्राप्त भएमा जाँचबुझ प्रतिवेदनको आधारमा निर्णय गर्नु पर्नेछ ।
  - समितिले सो सम्बन्धमा तत्काल निर्वाचन अधिकृतबाट यथार्थ विवरण माग गर्ने,
  - प्राप्त विवरणमा अनधिकृत रुपमा मतगणना स्थल कब्जा भएको भन्ने यथेष्ट आधार देखिएमा मतगणना कार्य अवैध घोषणा गर्न आयोगलाई सिफारिस गर्ने,
  - प्राप्त बिषयमा आयोगले तत्काल निर्णय गरी सो को जानकारी निर्वाचन अधिकृतलाई पठाउने,
  - मतगणनाको कार्य बदर गर्ने निर्णय भएमा सोही दिन अर्को मतदानको मिति तोकि सूचना जारी गर्न समेत निर्वाचन अधिकृतलाई निर्देशन दिने,
- बदर हुने मतपत्र तोक्ने सम्बन्धमा देहायको कार्यविधि अपनाउनु पर्नेछ ।
- ऐन, नियम र निर्देशिकामा उल्लेख भएका र आयोगले वदर हुने भनि तोकि दिएको मतपत्र वदर हुने,
- माथि उल्लेखित बाहेकको मतपत्र सदर वा वदर सम्बन्धी विवाद उत्पन्न भएमा निर्वाचन अधिकृतले तत्काल आयोगको निर्देशन माग गरी प्राप्त निर्देशन बमोजिम गर्ने,
- तोकिएको वदर हुने मतपत्रको विवरण निर्वाचन अधिकृतले मतगणना स्थलमा सबैले देख्ने गरी ठाउँ ठाउँमा टाँस गर्नु पर्ने,

- ○ आयोगबाट प्रदान गरिएको निर्देशन मतगणना स्थलमा रहेका मतगणना प्रतिनिधिहरुलाई एक एक प्रति प्रिण्ट उपलब्ध गारउनु पर्ने,
- ○ निर्वाचन अधिकृतले पेश गरेका वा समिति समक्ष सिधै प्राप्त भएका उजुरी र विवाद सम्बन्धमा समितिले आफ्नो राय सहित निर्णयको लागि आयोग समक्ष पेश गर्नु पर्नेछ ।
- ■ पेश हुन आएको बिषयमा आयोगले अन्तिम निर्णय गर्नेछ ।

मतदाता नामावली दर्ता सम्बन्धी अनुसन्धान गर्दा अपनाउनु पर्ने कार्यविधि : नाम दर्ता अधिकारीले विवादको अनुसन्धान गर्दा सामान्य कार्यविधिका अतिरिक्त देहायको कार्यविधि अपनाई गर्नु पर्नेछ ।

- ○ अनुसन्धान तहकिकात गरी मुद्धा चलाउनु पर्ने बिषयमा यस उपदफा बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।
- ■ प्राप्त उजुरीका सम्बन्धमा आवश्यक अनुसन्धान गर्नका लागि अनुसन्धान अधिकृत समक्ष पठाउनु पर्नेछ ।
- ■ अनुसन्धान अधिकृतले सम्बन्धित व्यक्तिसँग केहि बुझ्नु पर्ने भए तिन दिन भित्र सो सम्बन्धमा जवाफ पेश गर्न पत्राचार गर्नु पर्नेछ । जवाफ प्राप्त भए वा तोकिएको अवधि व्यतित भएपछि जाँचबुँझको कार्य अघि बढाउनु पर्नेछ ।
- ■ सम्बन्धित व्यक्तिबाट प्राप्त जवाफ र अन्य कागज प्रमाणका आधारमा विवरण ढाँटी नाम दर्ता गराएको वा निवेदन दिएको हो होइन भन्ने बिषयमा जाँचबुँझ गर्नु पर्नेछ ।
- ■ जाँचबुझबाट कसुर गरेको यकिन भएमा सो बिषयमा प्रस्तावित अभियोजन पत्र तयार गरी मुद्दा चल्ने वा नचल्ने निर्णयको लागि सम्बन्धित सरकारी वकील समक्ष पठाउनु पर्नेछ ।
- ■ सरकारी वकिल समक्ष पठाइएकोमा सम्बन्धित सरकारी वकीलबाट मुद्दा चल्ने निर्णय भई आएमा अन्तिम अभियोग पत्र तयार गरी जिल्ला अदालतमा मुद्दा दायर गर्नु पर्नेछ ।
- ■ नाम दोहोरो परेकोमा हटाउन निवेदन दिएमा वा दोहोरो परेको जानकारी प्राप्त हुन आएमा स्थायी ठेगाना माग गरी सोही स्थानमा मतदाता नामावली कायम गर्नु पर्नेछ ।
- ■ स्थायी ठेगानाको विवरण प्राप्त नभएमा पछिल्लो पटक नाम दर्ता गरेको स्थानमा नाम कायम गर्नु पर्नेछ ।

## सत्र योजना (Session Plan)

**तालीमको नाम : निर्वाचन विवाद निरुपण** **सत्र : सातौ**

**सत्रको विषय : विवाद निरुपण संयन्त्र, जनशक्ति व्यवस्थापन तथा प्रतिवेदन समय : ३० मिनट**

**सत्रको उद्देश्य : यस शत्रको अन्तमा सहभागीहरु देहया कुराहरु गर्न सक्षम हुनेछन ।**

क) निर्वाचन विवाद निरुपणमा जनशक्ति व्यवस्थापन र भुमिका उल्लेख गर्न

ख) निर्वाचन विवाद निरुपण र सो को प्रतिवेदन प्रणाली छलफल गर्न

| विषय बस्तु | | क्रियाकलाप | विधि/ तरीका | सामाग्री | समय |
|---|---|---|---|---|---|
| मुख्य शिर्षक | उपशिर्षक | | | | |
| क. सिक्ने वातावरणको सृजना | | निर्वाचन विवाद निरुपणका लागि नेपालमा के कस्तो संयन्त्र रहेको छ ? निर्वाचन विवादको प्रतिवेदनका लागि अपनाईएको तरिका कस्तो रहेको छ ? भनि सहभागिहरुलाई प्रश्न गर्ने सहभागिहरुबाट आएका बिचारहरु सेतो पाटिमा टिपोट गर्दै जाने | प्रश्न उत्तर | सेतो पाटी वोर्ड मार्कर | ५ मिनट |
| ख. विषय वस्तुमा प्रवेश | | सहभागिहरुबाट आएका विभिन्न बिचारहरुसँग जोडदै अब उप्रान्त निर्वाचन विवार निरुपणको प्रशासनिक व्यवस्थापननका लागि गरिएको जनशक्ति व्यवस्थापन र प्रतिवेदन प्रणालीका बिषयमा छलफल गर्दैछौ भन्ने जानकारी दिदै सत्रमा प्रवेश गर्ने | लघु प्रवचन | | ५ मिनट |
| ग. विस्तृत क्रियाकलाप | | | | | |
| अ. विवाद निरुपण संयन्त्र, जनशक्ति व्यवस्थापन तथा प्रतिवेदन | | सहजकर्ता आफुले तयार गरेको पावर प्वइण्टको माध्यमबाट निर्वाचन विवाद निरुपणका लागि जनशक्ती व्यवस्थापन र प्रतिवेदन प्रणाली सम्बन्धमा विस्तृत छलफल गर्ने । | लघु प्रवचन | सेतो पाटी, वोर्ड मार्कर, परमनेण्ट मार्कर, न्युजप्रिण्ट, ल्यापटप, प्रोजेक्टर | २५ मिनट |
| घ. संक्षेपीकरण | | निर्वाचन विवाद निरुपण संयन्त्र, जनशक्ति व्यवस्थापन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा संक्षेप बताउने | प्रवचन | | ५ मिनट |
| ङ. मूल्याङ्कन : | | सहभागिहरुको बुझाई मापन गर्न देहायका प्रश्न गर्ने<br>क) हरेक संयन्त्रमा जनशक्ति कसरी व्यवस्थापन गरिन्छ ? | प्रश्न उत्तर | | ५ मिनट |

| | | | | | |
|---|---|---|---|---|---|
| | | ख) निर्वाचन विवादको सम्बन्धमा प्रतिवेदन बुझाउने तहगत संरचना कुन कुन हो ? सहभागिहरुमा केही जिज्ञासा भए राख्न अवसर दिने र नभए धन्यवाद दिई सत्र समापन गर्ने | | | |

सत्र पछि सहजकर्ताको निष्कर्ष :

सहजकर्ताको नाम : मितिः

**जनशक्ति सम्बन्धी व्यवस्था**

- जनशक्ति सम्बन्धी उपलब्ध गराउनु पर्ने : आयोगले निर्वाचन विवादको प्रशासनिक कार्य हेर्न तथा प्रतिवेदन गर्नका लागि आवश्यक जनशक्ति उपलब्ध गारउनु पर्नेछ ।
    - मतदान केन्द्रको निर्वाचन विवाद निरुपणको प्रशासनिक कार्य गर्ने जिम्मेवारी सहायक मतदान अधिकृको हुनेछ ।
    - निर्वाचन अधिकृतको कार्यालयमा पर्ने निर्वाचन विवाद निरुपणको प्रशासनीक कार्यको जिम्मेवारी सहायक निर्वाचन अधिकृतको हुनेछ ।
    - सहायक निर्वाचन अधिकृतको सहयोगको लागि आयोगले १ जना सहायक कर्मचारीको व्यवस्था गर्नेछ ।
    - अनुगमनकर्ताले सम्बन्धित निर्वाचन क्षेत्रको निर्वाचन विवादको प्रशासनीक कार्य गर्न तोकिएको कर्मचारीको सहयोग लिन सक्नेछ ।
- निर्वाचन विवाद निरुपण समितिको सचिवालय तथा प्रशासनीक कार्य निर्वाचन विवाद निरुपण शाखाले गर्नेछ ।
    - निर्वाचन विवाद निरुपण समितिले हरेक हप्त निर्वाचन विवादको संख्या र प्रकृति सार्बजनिक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।
- तर, मतदानको दिन देखि मत परिणाम घोषणाको अवधिमा निर्वाचन विवादको संख्या र प्रकृति दैनिक सार्बजनिजक गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

**प्रतिवेदन सम्बन्धी व्यवस्था**

- प्रतिवेदन सम्बन्धी व्यवस्था : मतदान अधिकृतले प्राप्त उजुरी आफूले निरुपण गर्न नमिल्ने भए सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।
    - प्राप्त उजुरी तथा दफा (११) र (१२) बमोजिम दर्ता तथा भएको निर्णयको सक्कलै प्रति शिलबन्दी गरी निर्वाचन अधिकृतलाई र प्रतिलिपि (कार्वन कपी) समितिलाई प्रतिवेदन गर्ने प्रयोजनका लागि तोकिएको कर्मचारीलाई बुझाउनु पर्नेछ ।
    - निर्वाचन अधिकृत वा अनुगमनकर्ताले दफा १० बमोजिम प्राप्त उजुरी आफूले निरुपण गर्न नमिल्ने भए समिति समक्ष पेश गर्नु पर्नेछ ।
    - प्राप्त उजुरी तथा कारवाहीको विवरण हरेक शुक्रवारका दिन दिनको ३ बजे भित्र समिति समक्ष प्रतिवेदन गर्नु पर्नेछ । तर मतदानको दिन देखि मतगणना कार्य सम्पन्न नभए सम्म हरेक दिन ३ बजे भित्र समिति समक्ष प्रतिवेदन गर्नु पर्नेछ ।
    - उजुरी तथा निर्णयको सक्कलै प्रति शिलबन्दी गरी सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ । प्रतिलिपी (कार्वन कपी) र मतदान अधिकृतबाट प्राप्त विवरण समेत संलग्न  गरी समितिलाई पठाउनु पर्ने छ ।
    - निर्वाचन अधिकृतले पेश गरेका वा समिति समक्ष सिधै प्राप्त भएका उजुरी सम्बन्धमा समितिले आवश्यक छानबिन गरी राय सहित आयोग समक्ष पेश गर्नु पर्नेछ ।
    - समिति समक्ष प्राप्त भएका उजुरी सम्बन्धमा समितिले सम्बन्धित निर्वाचन अधिकृत, अनुगमनकर्ता वा मतदान अधिकृतसँग आवश्यक जाँचबुझको लागि लेखि पठाएकोमा जाँचबुझ गरी प्रतिवेदन पठाउनु पर्नेछ ।

# यस प्रशिक्षण स्रोत पुस्तिकाले निर्देशित गरेका तालिम विधिहरु

## १. लघु प्रवचन बिधि (Mini-Lecture Method)

कुनै निश्चित समय भित्र निश्चित उद्देश्य राखी मौखिक रुपमा सहभागीहरुलाई कुनै विषयमा सूचना, ज्ञान, प्रदान गर्ने तरिकालाई नै लघु प्रवचन विधि भनिन्छ ।

### लघु प्रवचनको लागि धयान दिनु पर्ने कुराहरु

- प्रस्तुत गरिने विषयवस्तुको मुख्य बुँदाहरु कार्ड, चार्ट वा  बोर्डमा पहिले नै लेखी राख्ने ।
- प्रत्येक बुँदालाई क्रमबद्ध तरिकामा राख्ने ।
- प्रस्तुतिकरणलाई  प्रभावकारी बनाउने । जसको लागि निम्नकार्यहरु गर्न सकिन्छ ।
  - आँखाको सम्पर्क कायम गर्ने ।
  - श्रोताहरुले अल्छी माने नमानेको बुझी राख्ने ।
  - बीच बीचमा हंसाउने वा मनोरञ्जन प्रदान गर्ने ।
  - श्रोताको जिज्ञासा, विचारलाई भद्र तरीकाले प्रतिक्रिया जनाउने ।
  - लघु प्रवचन गर्दा लगातार १५ देखि २० मिनेट भन्दा बढी समय नलिने ।

### फाईदाहरु

१) विषयवस्तुहरु क्रमिक रुपमा तर्कसाथ व्यवस्थित रुपमा मिलाएर प्रस्तुत गर्न सकिन्छ ।
२) थोरै समयमा एकै ब्यक्तिले पनि धेरै मानिसहरुमा सूचना प्रसार गर्न सक्दछ ।
३) व्याख्यानकर्ताले समय अगावै तयार गर्ने मौका पाउँदछ ।

### बेफाइदाहरु

१) प्रशिक्षकको विचार र दृष्टि मात्र प्रस्तुत हुन्छ अर्थात एकतर्फी संचार बढी हुन्छ ।
२) प्रशिक्षार्थीहरु निश्क्रिय श्रोताको रुपमा रहन्छन् ।
३) श्रोताले के, कति बुझे भन्ने बक्ताले मूल्याङ्कन गर्न सक्दैन ।
४) छोटो अवधिसम्म मात्र स्मरण गर्न सकिन्छ ।
५) सीप विकास सिकाउन सकिदैन ।
६) सक्षम व्याख्यानकर्ता नभएको खण्डमा प्रस्तुतिकरण चाख लाग्दो नहुन सक्छ ।

## २.  मस्तिष्क मन्थन बिधि (Brain Storming Method)

कुनै पनि समस्या वा प्रश्नमाथि सहभागीहरुलाई छलफल गर्नका लागि सहभागीहरुले आफ्नो विचार खुल्ला रुपमा व्यक्त गर्ने विधि नै मस्तिष्क मन्थन (Brain Storming) हो । यस विधिमा सहभागीहरुले दिइएको प्रश्न वा समस्या माथि आफ्नो मस्तिष्क मन्थन गर्दछन् र आफ्नो विचार समूहमा प्रस्तुत गर्दछन् ।

### यस विधि अपनाउँदा प्रशिक्षकले ध्यान दिनु पर्ने कुराहरु

- छलफलको अगाडी नै समस्या वा विषय वस्तु स्पष्ट पारिएको हुनुपर्छ ।
- प्रशिक्षार्थीहरुबाट आएका विचार/सुझावहरु आफ्नो प्रतिक्रिया नजनाई जस्ताको तस्तै बोर्डमा टिप्दै जाने ।
- सबै विचारहरु आईसकेपछि प्रत्येक विचार/सुझाबहरु माथि एक एक गर्दै केलाउदै जाने ।
- छलफल गर्न आवश्यक छ छैन भन्ने कुरामा आफ्नो राय व्यक्त गर्नुको साथै अन्य सहभागीहरुको पनि राय बुझ्ने । यदि छलफलको लागि योग्य नभएमा मेटी दिने ।
- आवश्यक बुँदाहरुमा पर्याप्त मात्रामा छलफल गर्ने र सहभागीमूलक ढङ्गले कुनै निष्कर्षमा पुऱ्याउने तर कतिपय अवस्थामा यो विधिद्वारा प्रशिक्षण गर्दा विषयवस्तुलाई निष्कर्षमा नै पुऱ्याउन सकिन्छ भन्ने छैन ।

### फाईदाहरु

- प्रत्येक सहभागीहरुलाई खुल्ला रुपमा आफ्ना विचारहरु प्रकट गर्ने मौका मिल्छ ।
- सहभागीहरुको सोच्ने बानीमा विकास हुन्छ ।
- समस्याको समाधान गर्ने तर्फ सहभागीहरु उत्साहित हुने अवस्था सृजना गराउँछ ।
- सहभागीहरुलाई निसंकोच रुपमा आफ्ना विचारहरुको आदान प्रदान गर्न सक्ने बनाउन सहयोग पुग्छ ।
- सिर्जनशिलताको विकास गराउँदछ ।
- एउटाको विचारले निर्णय गरेको भन्दा सामूहिक विचारद्वारा लिइएको निर्णय प्रभावकारी हुन्छ ।
- यो विधि निरक्षर समूहमा पनि लागु गर्न सकिन्छ ।
- आफ्नो विचारलाई पुष्टि गर्न विभिन्न खालका crazy ideas र संभावनाहरुको खोजी गर्ने बानीको विकास हुन्छ ।

### बेफाईदाहरु

- कुनै पनि समस्याको समाधानका लागि बढी विकल्पहरु आउन सक्ने हुंदा समय बढि लिन्छ ।
- उद्देश्य विपरीत निर्णयहरु पनि प्राप्त हुन सक्छन् ।
- प्रस्तुत गरिएका विचारहरु छलफल गरी स्पष्ट पारिएन भने भ्रममा पर्ने सम्भावना हुन्छ ।
- सहभागीहरुको समूह धेरै ठूलो भएमा कुनै परिणाम नै ननिस्कने हुन सक्छ ।
- सहभागीहरुमा सम्बन्धित समस्या बारे पूर्व ज्ञान नभएमा यो विधि प्रभावकारी हुदैन ।
- व्यक्त गरिएका विचारहरुको टिपोट तुरुन्तै गरि हाल्नु पर्ने भएकोले यो विधि सञ्चालन गर्न गाह्रो पनि हुन सक्दछ ।

## ३. घटना अध्ययन बिधि (Case Study Method)

घटना अध्ययन विधि सिकाईको एक प्रभावकारी विधि हो । यो विधि कुनै पनि व्यक्ति, समूह वा संस्थामा घटेको वास्तविक घटनालाई लिएर मौखिक वा लिखित दुबै रुपमा अपनाउन सकिन्छ ।  प्राय: यो विधिद्वारा शिक्षण गर्नको लागि कुनै घटनालाई लिखित रुपमा प्रस्तुत गरी उक्त घटनालाई विविध कोणबाट विश्लेषण गरी कारण र त्यसको समाधान तथा त्यसबाट के शिक्षा पाउन सकिन्छ भन्ने बारेमा बृहत रुपमा अध्ययन गराउन सकिन्छ । यसको लागि सहभागीहरुलाई ५-६ जना सम्मको समूहमा विभाजन गरेर छलफल अगाडि बढाईन्छ ।

### घटना अध्ययन विधिको उद्देश्य

(१) सहभागीहरुको विश्लेषण गर्ने क्षमता तिक्ष्ण बनाउन ।
(२) कुनै पनि समस्याको पहिचान र त्यसको कारण पत्ता लगाउने क्षमताको विकास गर्न ।
(३) उक्त घटनाको बारेमा सहभागीहरु बीचको आपसी विचार र त्यस्ता घटनाहरु सहभागीहरुलाई पनि घटेको भए उनीहरुले के कसरी त्यसको निराकरण वा समाधान खोजे त्यसको अनुभव संकलन गर्न ।
(४) कुनै पनि घटना घट्न सक्ने सम्भावित कारणहरु थाहा पाई त्यसबाट सचेत हुन ।
(५) समान प्रकृतिको घटनामा विविध विचारधाराहरु संकलन गर्न ।
(६) सामूहिक प्रयासबाट नयाँ कुराको खोजी गर्न ।

### यो विधिद्वारा शिक्षण गर्दा अपनाउनु पर्ने खुट्किलाहरु

- सहभागीहरुलाई समूह समूहमा विभाजन गरी कुनै वास्तविक घटनाको विवरण लिखित रुपमा दिने ।
- घटनालाई राम्रोसँग अध्ययन गरी सामूहिक छलफल गर्न र सबैको राय संकलन गर्न प्रोत्साहित गर्ने ।
- सबैको राय संकलन भईसकेपछि त्यसको संक्षेपीकरण गरी ठूलो समूहमा प्रस्तुत गर्ने ।

### सावधानी

- घटना अध्ययनको लागि राम्रोसँग तयारी नभएमा र अस्पष्ट जानकारी भएमा राम्रो नतिजा निस्कन सक्दैन ।
- घटना अध्ययनको लागि समूह स्वचालित साथै एक आपसमा राम्रो सम्बन्ध हुनुपर्दछ ।
- एक आपसमा के काम, कसरी गर्ने, कसले गर्ने भनी योजना बनाउनु पर्दछ ।

### यसका फाईदाहरु

सहभागीहरुको ज्ञानमा बृद्धि र मनोभावनामा सकारात्मक परिवर्तन ल्याउन सक्दछ ।

- वास्तविक समस्यासँग काम गर्ने  अवसर पाउने हुँदा सहभागीहरु कामका लागि बढी उत्प्रेरित हुन्छन् ।
- समूहमा घटना अध्ययन गर्दा गाह्रो भनिएको समस्याको हल पनि सजिलैसँग निकाल्न सकिन्छ ।
- समूहमा काम गर्दा सहभागीहरु बीच सम्बन्धको विकास हुन्छ ।
- समस्या समाधानका लागि बैकल्पिक उपायहरुको खोजी गरी परिस्थिती सुहाउँदो निष्कर्ष निकाल्न सहयोग हुन्छ ।
- समस्याको हल खोज्ने सीपको विकास गर्न मद्दत पुग्छ ।


### यस विधिका बेफाइदाहरु

- सहभागीहरुले दैनिक गर्दै वा सामना गर्दै आएका समसामयिक घटना भन्दा फरक भएका सहभागीहरुले त्यसको बिस्तृत विश्लेषण गर्न गाह्रो हुन्छ ।
- यो विधि गहन विश्लेषणमूलक भएकाले धेरै लामो समयसम्म बहस हुन्छ र कुनै निष्कर्षमा नपुग्न सक्छ ।
- यो विधिमा तुलनात्मक रुपमा समय बढी खर्च हुन्छ ।

संक्षेपमा भन्दा माथि उल्लेखित कमी कमजोरीहरु हुँदा हुँदै पनि सिकाईको लागि यो विधि प्रभावकारी मानिन्छ । यस विधिबाट सहभागीहरुमा कुनै पनि घटना प्रति विविध कोणबाट विश्लेषण गरी त्यसको कारक तत्व पत्ता लगाउने, अरुको विचार र धारणा बुझ्ने, समस्यको व्यवहारिक अध्ययन गर्ने र स्व-अध्ययन गर्ने बानीको विकास हुन्छ ।

## ४. फिस बोल बिधि (Fish Bowl Method)

यस विधिमा ठूलो समूह मध्येबाट (४-६) जना सहभागीहरुको एउटा सानो समूह बनाईन्छ। यसरी बनाईएको सानो समूहलाई बाहिर बाट ठूलो समूहले घेरेर बस्दछ। पहिलो पटक भित्री समूहमा बसेका सहभागीहरु दिएको विषय वस्तुमा छलफल चलाउँछन् र बाहिरी घेरामा बस्ने सहभागीहरुले अवलोकन गर्दछन्। पहिलो चरणको छलफल समाप्त भए पछि अवलोकन गरेका सहभागीहरुले फिड्ब्याक दिन्छन् र दोस्रो पटक यही अवलोकन आधारमा बाहिरी समूह भित्री समूहको ठाउँ लिन्छन् र आफ्नो छलफल चलाउँदछन्।



**संकेत**

 – Observers (Outer Circle)

 – Committee Member (Inner Circle)

## ५. हिउँ ढिके विधि (Snowballing Method)

हिमालको टुप्पोबाट बगेको सानो हिउँको डल्लो तल आउँदा ठूलो रुप दिन्छ त्यस्तै एक एकको विचार जम्मा भएर धेरै विचार आउने हुनाले यो विधिलाई स्नोवलिङ ९कलयधदबौष्लिन० भनिन्छ। यो विधिको प्रयोग गर्दा पार गर्नु पर्ने विभिन्न तह/चरणहरु तल उल्लेख गरिएको छ।

### पहिलो तह

प्रष्ट रुपमा छलफल गर्ने बूँदा राखेपछि प्रत्येक सहभागीलाई व्यक्तिगत तवरमा ५-१० मिनेट सम्म सोचेर बुँदाहरु लेख्न दिने। मानौ १६ सहभागी छन्।

### दोस्रो तह

सबैले आफ्नो आफ्नो विचार लेखि सकेपछि उनीहरुलाई नजिकको साथीसँग छलफल गर्न लगाउने। यस वेला दुई जना टोली नेता हुनुपर्छ। यसरी छलफल गर्दा दुवैको मिलेका बुँदाहरु पनि राख्ने र दुईजना मध्ये कसैको नयां खालको बिचार छ भने छलफछ गरेर टोली नेताले लेख्नु पर्छ। यस बेला पनि विषय हेरेर समय ५-६ मिनेट दिनु राम्रो हुन्छ।

### तेस्रो तह

दुई - दुईजना छलफछ गरि सके पछि चार चार जनाको समुह बनाउने। अब चार जना मध्ये एकजना टोली नेताले छलफल भएका बुँदाहरु टिप्नु पर्छ। यसमा पनि दोस्रो तहको जस्तै नियम लागु हुन्छ। समय कहिले काँही धेरै लाग्न पनि सक्ने हुंदा १० मिनेट सम्म राखे हुन्छ।

### चौथो तह

माथि ४/४ जना बिच छलफल भैसकेपछि अब ८/८ जनाको समूह बनाई छलफल गराउने। यसमा पनि तेस्रो तहको जस्तै नियम लागु हुन्छ। अन्तमा समूहको अगूवाले प्रस्तुती गरी सबैको विचारलाई मन्थन गर्दै एउटै बनाउने।

### पाँचौ तह

यसलाई सोह्रजनाको समूह बनाएर पनि छलफल गराउन सकिन्छ तर साहै ठूलो समूह हुने भएकोले आठ आठ जनाको छलफल पछि सामूहिक छलफल टुंग्याएर सहयोगीले सबै बुँदालाई बोर्डमा लेख्ने र छलफल गर्दै जाने। यसो गर्दा धेरै विचार र सुझावहरु जम्मा हुन्छन्। सबै बुँदाको फाइदा बेफाइदा र संभाव्यता हेर्दै छलफल गर्ने र निचोड निकाल्ने।

### स्नोबलिङ्ग बिधिको फाइदाहरु :

१. व्यक्तिगत तवरमा लेख्न पाउने हुंदा प्रत्येक व्यक्तिले आफनो विचार निर्धक्कसँग लेखेर छलफल गर्न पाउंछन्।
२. आफनो विचार व्यक्त गर्ने र अरुको पनि सुन्न पाउने हुनाले संचार सीपको विकास हुन्छ।
३. सानो समूहमा बोल्दा बोल्दा आत्म-विश्वासको विकास हुन्छ र ठूलो समुहमा बोल्ने वानी बस्छ।
४. सबै सहभागीले आफनो विचार लेख्ने र व्यक्त गर्न पर्ने हुनाले सक्रिय सहभागिता हुन्छ र अल्छिपना हराउँछ।
५. एकजनाको विचार भन्दा यसमा धेरै विचार आउने हुनाले सहभागीले आफुले राखेको बुँदालाई राम्रोसंग प्रष्ट्याउन कोशिस गर्छन्।
६. बिस्तार बिस्तार समूह ठूलो हुँदै जाने हुनाले निकै राम्रा विचार पनि आउन सक्छन्।

# ६. भूमिका अभिनय बिधि (Role Play Method)

कुनै कल्पित घटना वा दैनिक जिवनमा घटि रहेका घटना, चाल, चलन सीप जस्ता विविध विषयहरुलाई लिएर आफ्नै ज्ञान, विचार तथा अनुभवको आधारमा आफूलाई कल्पित पात्रको रुपमा बिना रिहर्सल स्वतः गरिने अभिनयलाई भूमिका अभिनय (Role play) भन्दछन् । भूमिका अभिनय सहभागिता मूलक तालीमका लागि एक उपयुक्त विधि पनि हो । सम्भव भएसम्म सहभागीहरुको सहभागिता उनीहरुकै स्थितीमा अभिनय गर्न लगाउनु राम्रो हुन्छ । भूमिका अभिनय बढीमा १० मिनेट लामो हुन सक्छ ।

### फाइदाहरु

- यसले प्रशिक्षार्थीहरुको धारणा वा व्यवहारलाई वास्तविक दुनियामा प्रयोग गर्ने मौका प्रदान गर्दछ र एक अर्कोबाट सिक्ने मौका प्रदान गर्दछ ।
- प्रशिक्षार्थीहरुमा सृर्जना शक्ति (Creativity) बढ्छ र आफूलाई अरु पात्रको रुपमा राखेर व्यक्तिको विचार, धारणा र भावना बुझ्न सजिलो पार्दछ ।
- रमाइलो तथा चाख लाग्दो हुनुको साथै हेर्न, सुन्न र आफैले पनि भाग लिन पाउने हुँदा सिकाई प्रभावकारी हुन्छ ।
- साधारण तया कम खर्चिलो हुन्छ ।

### बेफाइदा :

- मनोरञ्जनको साधन मात्र भई शैक्षिक उद्देश्य पुरा नहुन सक्ने सम्भावना हुन्छ ।
- प्रशिक्षार्थीहरुको कल्पना शक्ति तथा आफूलाई अर्कोको भूमिकामा राखेर अभिनय गर्ने शक्तिमा role play भर पर्दछ तसर्थ निपूर्ण व्यक्ति पाउन गाह्रो हुन्छ ।
- सबै प्रशिक्षार्थीहरुले भूमिका अभिनय गर्ने मौका नपाउन सक्दछन् ।

## भूमिका अभिनयको लागि यी कुराहरु ख्याल गर्नु पर्दछ

- भूमिका अभिनय कुन उद्देश्य राखेर गरिदै छ सहयोगी प्रष्ट हुने ।
- सुहाउँदो तरिकाले पात्रहरुको छनौट गरी समय निर्धारण गर्ने ।
- पात्रहरुलाई उद्देश्य मुताविकको भूमिका निर्धारण गर्ने ।
- सहभागीहरुलाई पात्रहरुको अभिनय अवलोकन गर्न प्रोत्साहित गर्ने ।
- अन्त्यमा भूमिकाको सार तत्व निकाल्न छलफल चलाउने । यसको लागि पहिला अभिनय कर्ताहरुसँग उनीहरुको भूमिका अभिनयन गर्दाको अनुभव लिने ।
- सिकाई के भयो र उद्देश्य प्राप्त गर्न सकियो⁄सकिएन मूल्याङ्कन गर्ने ।
- पुनः एक पटक निचोड⁄निष्कर्ष समूहमा सहयोगीले बताउने ।

***<u>नोट :</u>*** *भूमिका अभिनय र नाटक बीचको केहि मुख्य फरकहरु तल प्रस्तुत गरिएको छ ।*

| भूमिका अभिनय | नाटक |
|---|---|
| • लिखीत स्वरुप हुँदैन ।<br>• जुन सुकै वातावरणमा पनि प्रस्तुत गर्न सकिन्छ ।<br>• व्यवसायिक दक्षता हासिल नभएका पात्र पनि संलग्न हुन्छन् ।<br>• पूर्व अभ्यास गरिएको हुदैन ।<br>• १५-२० मिनेट भन्दा लामो हुनु हुँदैन । | • लिखीत स्वरुप तयार पारिएको हुन्छ ।<br>• प्रस्तुतीकरणका लागि वास्तविक स्थितीको श्रृजना गरिन्छ ।<br>• विशेष कला भएका व्यक्ति वा कलाकारहरु समावेश हुन्छन् ।<br>• प्रदर्शन गर्नु अघि प्रशस्त अभ्यासको जरुरत हुन्छ ।<br>• १५-२० मिनेट भन्दा लामो हुन्छ । |